का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १४९
❒ १९ साउन २०७७, सोमबार
❒ 3 August 2020,Monday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily राष्ट्रिय दैनिक

**अपडेट: आइतबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | २०३३२ जना | १४६०३ जना | ३९१२७० जना | ५६७२ जना | ५७ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ८० लाख ८४ हजार | १ करोड १३ लाख ७४ हजार | ६ लाख ९० हजार | ६० लाख २० हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# 'हट स्पट' वीरगञ्ज

## ■सांसद प्रदीप यादव र मेयर सरावगी संक्रमित ■१० दिनमा १० जनाको मृत्यु
## ■१२ वर्ष मुनिका र ६० वर्ष माथिकाहरु घर बाहिर ननिस्कनू: मन्त्रालय
## ■आरडीटी परीक्षणमा रोक, नाकामा स्वाब संकलन गरिने

**भारतसँग सीमा जोडिएको पर्सा सर्वाधिक प्रभावित हुने जिल्ला बनेको छ । पछिल्लो १० दिनमा १० जनाको मृत्यु भएको पर्साका सांसद र मेयर समेत कोरोना संक्रमित बनेका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ साउन ।

शनिबार पर्साको वीरगञ्ज महानगरपालिका-१६ का ६८ वर्षीया बृद्धको मृत्यु भएको छ भने थप ८१ जनामा संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार दिएको नियमित जानकारी अनुसार, ज्वरो आउने र खोकी लाग्ने लक्षण देखिएका ती बृद्धमा शुक्रबार नै संक्रमण पुष्टि भएको थियो । उनको कोरोना अस्पतालको आईसीयूमा भर्ना गर्नु अगाडि नै मृत्यु भएको छ ।

भारतसँग सीमा जोडिएको पर्सामा गएको १० दिनमा १० जनाकै मृत्यु भइसकेको छ । पछिल्लो तीन दिनमा मात्रै ६ जनाको मृत्यु भइसकेको छ । मृत्यु हुने संक्रमितमा लगभग साझा लक्षण देखिएको छ । ज्वरो आउने, खोकी लाग्ने लक्षण देखिएका संक्रमितहरुको मृत्यु भइरहेको छ । देशभर ५७ जनाको मृत्यु हुँदा पर्सामा मात्रै ११ जनाको मृत्यु भएको हो ।

आइतबार एकै दिन थप ८१ जनामा संक्रमण देखिएको पर्सामा पाँच सय बढी संक्रमित छन् । संक्रमितको संख्या बढेर गएको र संक्रमितमा लक्षण समेत देखिएका पर्सामा स्वास्थ्यकर्मीको अभाव देखिएको छ ।

सांसद, मेयर, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चार कर्मीहरुमा समेत संक्रमित पुष्टि भएपछि स्वास्थ्यकर्मीहरु कार्य क्षेत्रमा खटिन अटेर गर्न थालेका छन् । साउन १७ गते मात्रै खटाएको क्षेत्रमा नगएको भन्दै २५ स्वास्थ्यकर्मीलाई कार्बाही गरिएको थियो । स्थानीय प्रशासनको तथ्यअनुसार, अहिले पनि दैनिक पाँच सय देखि एक हजारसम्म भारतबाट आउने गरेका छन् । तिनीहरुमै संक्रमण देखिएको बढी देखिएको छ ।



महामारीको हटस्पट बनेको पर्साबाट प्रत्यक्ष निर्वाचित सांसद प्रदीप यादवमा समेत कोरोनाको संक्रमण पुष्टि भएको छ । संघीय सांसद यादवलाई संक्रमण पुष्टि भएको अस्पताल भर्ना भएका छन् । यसअगाडि वीरगञ्ज महानगरपालिकाका मेयर विजयकुमार सरावगीलाई संक्रमण पुष्टि भएको थियो । पर्साकै अवस्था डरलाग्दो भनेपछि सरकारले स्थलगत आवागमनबाट नेपाल प्रवेश गर्नेहरुमा अनिवार्य स्वाब परीक्षण गर्न निर्देशन दिएको छ भने ६० वर्षमाथिका र १२ वर्षमुनिका बालबालिकालाई घरबाट ननिस्कन आग्रह गरेको छ । पर्सामा साउन १० गतेबाटै फेरि निषेधाज्ञा जारी गरिएको छ ।

### २४६ थपिए, १११ डिस्चार्ज

देशभरमा आइतबार थप २४६ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ । योसँगै सक्रिय संक्रमित संख्या पाँच हजार ६७२ पुगेको छ । मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले पछिल्लो २४ घण्टामा देशभरका प्रयोगशालामा आठ हजार ८६१ जनाको पिसीआर नमूना परीक्षण गरिएको बताए ।

प्रवक्ता डा गौतमका अनुसार कोभिड-१९ बाट संक्रमण मुक्त भई गत २४ घण्टामा डिस्चार्ज हुनेको संख्या १११ रहेको छ । योसँगै १४ हजार ६०३ संक्रमित कोरोनामुक्त भएर घर फर्किएका छन् । हाल क्वारेन्टिनमा १० हजार ९३४ जना रहेका छन् । संक्रमित मध्ये ७२ प्रतिशत निको भएको र मृत्यु हुनेमा ०.२८ प्रतिशत रहेको छ ।

काठमाडौं उपत्यकामा मात्रै आइतबार थप ३१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । मन्त्रालयका अनुसार काठमाडौंमा २२, ललितपुरमा आठ र भक्तपुरमा एक जनामा कोरोना संक्रमण भएको पुष्टि भएको हो । मन्त्रालयका अनुसार उपत्यका छिर्ने नाकाहरु नागढुङ्गा, फर्पिङ र साँगाबाट यही साउन १० गतेदेखि १३ गतेसम्म संकलन भएको १० हजार ८२७ नमूना परीक्षण भइरहेको छ ।

# खुल्यो गेट बाँकी रह्यो सम्वाद

## प्रचण्डले एक्लै नभेट्ने अडान लिएपछि साक्षी सहित पुगे बालुवाटार दुवै पक्ष अडानमा कायमै, तर सम्वादको बाटो खुल्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ साउन ।

साउन ९ गते केहीबेर भेटवार्ता भएपछि एकअर्का आ-आफ्नो एक्सनमा उत्रिएका नेकपाका अध्यक्ष केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड बीच आइतबार भेटवार्ता भएको छ । कार्यकारी अध्यक्ष प्रचण्ड अर्का बरिष्ठ नेता झलनाथ खनाललाई लिएर प्रधानमन्त्री ओलीलाई भेट्न बालुवाटार पुगेका थिए । आइतबार बिहान १० बजेतिर बालुवाटार पुगेका दाहालले अर्का अध्यक्ष ओलीसँग झण्डै तीन घण्टा छलफल गरे ।



भेटवार्ता स्रोतका अनुसार, चार नेता सहभागी सम्वादमा दुवै पक्षले अडान भने छोडेनन् । प्रधानमन्त्री ओलीले अध्यक्षबाट आफुलाई हटाउने हो भने महाधिवेशनमै जानुपर्ने बताए । "फागुनमा महाधिवेशन तोकेका छौं । यदि, सकिन्छ भने मंसिरमै महाधिवेशन गरौं । म अध्यक्ष छोड्न तयार छु", ओलीको भनाइ उदृत गर्दै बालुवाटार स्रोतले भन्यो । तर, बीचमा कसैले दबाव दिएकै भरमा भने अध्यक्ष र प्रधानमन्त्री दुवै पद नछोड्ने ओलीले अडान लिएका थिए । "कसैले बैठकमा मागेको भरमा पद छोडिन्न, यो अनुचित हुन्छ", ओलीको भनाइ थियो ।

जवाफमा दाहालले भने पार्टी निर्णय मान्न आग्रह गरेका थिए । जारी स्थायी कमिटी बैठकको अन्योल हटाउनुपर्ने तर्क गर्दै दाहालले कसैले पनि पार्टी निर्णय मान्दिन भन्न नपाइने बताएका थिए । "केन्द्रीय कमिटी बैठकको माग पनि भएको छ । विधान अनुसार कसैले लिखित माग गरे बैठक बोलाउनुपर्ने हुन्छ", यसतर्फ पनि ध्यान दिनुपर्ने दाहालको भनाइ थियो ।

> **स्थायी कमिटी बैठकबारे आ-आफ्नै निर्णय लिएका केपी शर्मा ओली र पुष्पकमल दाहाल बीच साउन ९ गते पछि पहिलो पटक आइबार भेटवार्ता भएको छ । एक्लाएक्लै नभेट्ने प्रचण्डको अडानपछि झलनाथ खनाल र सुवास नेम्वाङ साक्षी राखेर ओली-दाहाल बीच सम्वाद भएको थियो ।**

आइतबार केही दिनदेखि बन्द रहेको भेटवार्ताको 'गेट' खुलेपनि सहमति भने जुट्न सकेन । तर, छलफल सकारात्मक बनेको दाहालका प्रेस संयोजक बिष्णुप्रसाद सापकोटाले बताए । "छलफललाई जारी राख्नेगरी नेताहरु उठ्नु भएको हो", सापकोटाले भने । अर्को बैठकको समय भने निर्धारण गरिएको छैन । प्रचण्डले बालुवाटारमा भएका सम्वाद आफ्नो समूहका नेताहरुलाई जानकारी दिएका थिए ।

गएको साउन १३ गते स्थायी कमिटी बैठक प्रधानमन्त्री ओलीले एक्लौटी निर्णयका आधारमा अनिश्चितकालका लागि स्थगित गरेका थिए । तर, प्रचण्ड र बरिष्ठ नेता माधवकुमार नेपाल समूहले भने बहुमत सदस्य राखेर बैठक चलाएका थिए । गएको असार १० गतेदेखि स्थायी कमिटी बोलाइएको नेकपामा बैठक चलिरहेकै बेला विभाजनको खतरा बढेको छ ।

## निर्माण, कृषि र प्लान्टेशनमा मात्र विदेशी कामदार लिने मलेसियाको निर्णय

# सरकारी निर्णयको रोजगारताहरुद्वारा विरोध

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ साउन

निर्माण, कृषि र प्लान्टेसन गरी प्रमुख तीन क्षेत्रमा मात्र विदेशी कामदार प्रयोग गर्न पाउने सरकारको निर्णयले आफुहरुलाई गम्भीर असर परेको भन्दै मलेसियाको अन्य क्षेत्रका रोजगादाताहरुले सो निर्णयको विरोध शुरु गरेका छन् । मलेसियन इम्प्लाएर फेरडरेसन (एमइएफ) तथा स्मल एण्ड मिडियम ईन्टरप्राइजेज एसोसिएसनले विदेशी कामदारलाई रोजगारीमा लगाउन रोक्ने निर्णय लिनु अगाडि मलेसिया सरकारले आफुहरुसँग छलफल नगरेको भन्दै तोकिएका तीन क्षेत्रबाहेक अन्य क्षेत्र विदेशी कामदाहरुको अभावमा नराम्रोसँग प्रभावित भएको बताएका छन् ।

एमइएफका कार्यकारी निर्देशक सम्सुद्धिन बरदानले मलेसियामा वैधानिक हैसियतका २० लाख कामदार रहेको भन्दै त्यसमध्ये ८ लाख ३७ हजार ८ सयले मात्र कृषि, निर्माण र प्लान्टेसनको क्षेत्रमा काम पाउने बताए । मलेसियाको उत्पादन क्षेत्रमा ७ लाख, सेवा क्षेत्रमा ३ लाख ९ हजार र घरेलु सहायकको क्षेत्रमा काम गर्ने १ लाख ३० हजार विदेशी कामदार रहेको उनले जानकारी दिएका छन् ।



विदेशी कामदार प्रयोग गर्न नपाए अन्य क्षेत्र सञ्चालनमा कठिनाइ हुने उनको भनाइ छ । पहिले मलेसियन नागरिकले अत्यन्तै जोखिमपूर्ण मानिने 'डर्टी', 'डिफिकल्ट' र 'डेन्जरस' काम गर्न शुरु गर्नुपर्ने, त्यसपछि मात्र विदेशी कामदार नल्याऊ भन्न मिल्ने रोजगारदाताहरुको भनाइ छ ।

यसअघि मलेसियाको प्रमुख शहरहरुका मजदुरहरुले विदेशीले न्यूनतम १२ सय रिंगिटमा गर्ने काम गर्न आफुहरुलाई कम्तीमा २७ सय रिंगिट दिइनुपर्ने आवाज उठाएका थिए । हाल स्थानीय रोजगारदाताहरुलाई मलेसियन नागरिकले रोजगारीमा भर्ना नपाएको प्रमाण पुऱ्याएमात्र विदेशी कामदार भर्ना गर्न पाउने व्यवस्था गरिएको छ । विदेशी कामदारले काम गरिरहेको कोटामा काम गर्न स्थानीय नआएसम्म विदेशीलाई रोक्न नहुने रोजगारुदाताहरुको माग छ ।

स्मल एण्ड मिडियम इन्टरप्राइजेजका सचिव योह सेङ होईले विदेशी कामदारहरुले मलेसियाको व्यापारमा योगदान दिइरहेको र उनीहरु बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## संघ छाता संस्था : महासचिव श्रेष्ठ



**काठमाडौं/मस-** नवगठिन नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघकी महासचिव सुवर्ण श्रेष्ठले नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई छातासंस्था मानेर महिला व्यवसायीहरुको संघ अघि बढ्ने बताएकी छन् ।

शनिबार गठन भएको महिला व्यवसायीहरुको संघकाबारेमा कतिपयले व्यवसायीहरुको छातासंस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघभन्दा अलगरुपमा अघि बढ्ने अर्थ लगाई गलत तरिकाले बुझ्न खोजेको भन्दै महासचिव श्रेष्ठले स्वतन्त्र नवगठित संघ अस्तित्वमा नभई संघलाई नै छाता संगठन मानेर अघि बढ्ने विषयमा सबै महिला व्यवसायी एकै दृष्टिकोणले प्रष्ट रहेको बताइन् । बाँकी पृष्ठ २ मा



*लगातारको वर्षाका कारण डोटीको सायल गाउँपालिका-२ भुर्केलामा गाउँमाथि र तलबाट पहिरो जाँदा विस्थापित ३५ घरपरिवार पालमुनि बस्न बाध्य भएका छन् । तस्वीर : विमलबहादुर विष्ट, रासस*

# चार हजारमै परीक्षण

**काठमाडौं/रासस-** शुल्क लिएर कोभिड-१९ आरटी-पिसिआर परीक्षण गर्ने अनुमति पाएको एक निजी प्रयोगशालाले कोरोना परीक्षणको शुल्क घटाएको छ । सरकारले तोकेको शुल्कभन्दा एक हजार कममा कोरोना परीक्षण गर्दै आएको सो प्रयोगशालाले अनुमति पाएको एक साता नबित्दै परीक्षण शुल्क प्रतिस्वाब रु ५०० ले घटाएको हो ।

विध म्यानेजमेन्ट प्रालिद्वारा सञ्चालित कोभिड ल्याबले कोरोना परीक्षण शुल्क रु चार हजार ५०० बाट घटाएर रु चार हजार कायम गरिएको जनाएको छ । प्रारम्भिक परीक्षणको नतिजाअनुसार रु चार हजारमै कोरोना परीक्षण गरी खर्च व्यवस्थापन गर्न सकिने देखिएपछि शुल्क घटाइएको प्रयोगशालाका प्रमुख विके भण्डारीले जानकारी दिए ।सोमबारदेखि घटाइएको शुल्कमा कोरोना परीक्षण गरिने उनले बताए ।

सरकारले केही सरकारी तथा निजी प्रयोगशालालाई रु पाँच हजार ५०० शुल्क लिएर कोरोना परीक्षणको अनुमति दिएको छ । "विपद्को समयमा सकिन्छ भने बाँकी पृष्ठ २ मा

# पर्सामा आजदेखि निषेधाज्ञा

**वीरगञ्ज/मस-** पर्सामा आजदेखि जिल्लाभर निषेधाज्ञा जारी गरिएको छ ।

यसअघि साउन १० गतेदेखि वीरगञ्ज महानगरपालिकामा मात्रै निषेधाज्ञा लगाइएको थियो । तर जिल्लाभर नै कोरोना भाइर संक्रमण बढ्न थालेपछि जिल्लाभर निषेधाज्ञा विस्तार गरिएको हो

शनिबार प्रमुख जिल्ला अधिकारी विष्णु कुमार कार्कीको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले आजदेखि निषेधाज्ञा जारी गर्ने निर्णय गरेको हो ।

पर्याप्त आइसोलेसन सेन्टर नहुँदा अधिकांश संक्रमितलाई घरमै राखिएको छ । लक्षण सहितका संक्रमितलाई मात्रै आइसोलेसन सेन्टरमा राख्ने नीति अख्तियार गरिएको छ । होटलमा पेड आइसोलेसनको व्यवस्था पनि मिलाईएको छ । कोभिड १९ को रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन



संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम निषेधाज्ञा लगाइएको प्रमुख जिल्ला अधिकारी कार्कीले बताए । बिहान ५ बजेदेखि पर्सा जिल्ला भरी निषेधाज्ञा लागू भएको छ ।

निषेधाज्ञा अवधिभर औषधि उपचार तथा अन्य अत्यावश्यक कामबाहेक घरबाहिर निस्किन पाइने छैन । शान्ति, सुरक्षा, सुव्यवस्था, स्वास्थ्य, खानेपानी, दूध, विद्युत, दमकल, सञ्चार, भन्सार, आईसीपी, ड्राईपोर्ट, बैंक (भन्सार, आईसीपी, ड्राइपोर्टमा रहेकामात्र), क्वारेन्टाइन, फोहरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स, औषधि जस्ता अति आवश्यक सेवाबाहेक अन्य सम्पूर्ण पसल, उद्योग र व्यवसाय बन्द गरिने छ । स्वास्थ्यकर्मी, सुरक्षाकर्मीले प्रयोग गर्ने साधन, अत्यावश्यक मालसामान ढुवानीका साधनबाहेक सबै प्रकारका सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनमा रोक लगाइएको छ । छिमेकी देश भारतसँग सिमाना जोडिएका नाकाहरु तथा खुल्ला सिमानाको जुनसुकै स्थानबाट मानिसहरुको आवागमन रोक्ने निर्णय जिल्ला सुरक्षा समितिको बैठकले गरेको छ । कोभिड १९ को संक्रमण रोकथाम एवं नियन्त्रण गर्न तथा जिल्लामा शान्ति सुव्यवस्था कायम गर्न धेरै संक्रमण भएका तथा अति जोखिममा रहेका स्थानहरुमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको अतिरिक्त स्थानीय प्रशास ऐन, २०२८ को दफा ६ को उपदफा २ अनुसार नेपाली सेनासमेत परिचालन गर्ने प्रशासनले जनाएको छ ।

निषेधाज्ञाको पालना नगर्ने काममा बाधा पुर्‍याउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ अनुसार कारवाही गर्ने निर्णय गरिएको छ ।

# तत्कालका लागि रोकियो पशुपति गुरुयोजना



**काठमाडौं/मस-** पशुपति क्षेत्र विकास कोषले तयार गरेको गुरुयोजना तत्कालका लागि रोकिएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले आइतबार गरेको छलफलमा एक महिनाका लागि गुरुयोजनाको थप काम रोकेर सरोकारवाला निकायसँग छलफल गर्नका लागि तीन सदस्यीय समिति गठन गरिएको छ ।

विभागका महानिर्देशक दामोदर गौतमका अनुसार मन्त्रालयका संस्कृति महाशाखा प्रमुख, योजना र प्रशासन महाशाखा प्रमुख र पुरातत्व विभागका महानिर्देशक सम्मिलित समिति गठन गरिएको छ ।

समितिलाई एक महिनाभित्र सरोकारवाला, स्थानीय, सम्बन्धित क्षेत्रका विज्ञ एवं इतिहासविद् र संस्कृतिविद्हरुसँग छलफल गरेर प्रतिवेदन बुझाउन भनिएको छ । महानिर्देशक गौतमका अनुसार समितिले प्रतिवेदन नबुझाएसम्म गुरुयोजनाको सम्पूर्ण काम अहिलेकै अवस्थामा राख्नसमेत निर्देशन दिइएको छ ।

गत पुस १९ गते कोषको बैठकले पारित गरेको गुरुयोजनामा पशुपति क्षेत्रभित्रका पुराना बस्तीहरु उठाउनेसम्मको योजना समेटिएपछि स्थानीय आन्दोलनमा उत्रिएका छन् । स्थानीयलाई मन्त्री भट्टराईले छलफलका लागि आइतबार बोलाएपनि वार्तामा नबस्ने भन्दै मन्त्रीलाई ज्ञापन पत्र बुझाएर गएका थिए ।

संघर्ष समितिका पदाधिकारीहरुले पशुपति क्षेत्र विकास कोषका पदाधिकारीलाई पदमुक्त गर्नुपर्ने, गुरुयोजना खारेज गर्नुपर्ने र नयाँ गुरुयोजना तयार पार्दा स्थानीयलाई सहभागी गराउनुपर्ने माग राख्दै आन्दोलित बनेका छन् ।

उनीहरुले यसअघि शनिबार पशुपति क्षेत्र विकास कोषले स्थानीयवासी एवं तीनै तहका जनप्रतिनिधिसँग परामर्श नगरी दीर्घकालसम्म प्रभाव पार्ने गुरुयोजना प्रस्ताव गरेको भन्दै स्थानीयवासीले सांस्कृतिक र्‍यालीसहित विरोध प्रदर्शन गरेका थिए ।

# मेचीनगरमा फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र बन्दै



**झापा/रासस-** मेचीनगर नगरपालिका-८ मा रु १३ करोडको लागतमा फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र बन्ने भएको छ । नगरमा उत्पादित फोहोरलाई मोहोरमा रूपान्तरित गर्ने उद्देश्यले सो केन्द्र बनाउन लागिएको नगरपालिकाका उपप्रमुख मीना उप्रेतीले बताइन् ।

उनका अनुसार सो कामका लागि आउने क्रमागत बजेटमध्ये पहिलो चरणमा संघीय सरकारबाट तीन करोड रुपैयाँ बजेट आइसकेको छ । केन्द्र स्थापनाका लागि आदर्श माध्यमिक विद्यालयको छ बिघा जमिन लिइसकिएको र बाँकी चार बिघा सेन्ट्री आधारभूत विद्यालयको लिने तयारी भइरहेको उनले बताइन् ।

निन्दा खोलाको छेउमा स्थानीयवासीले खेती गरिरहेको विद्यालयको जग्गामा बन्न लागेको केन्द्रका लागि डिपीआर (विस्तृत आयोजना प्रतिवेदन) समेत तयार गरेर निर्माणका लागि नगरपालिकाले ठेक्का लगाइसकेको छ । फोहोर व्यवस्थापन केन्द्रका लागि आवश्यक भौतिक संरचना तयार गर्न रु दुई करोड ७९ लाखमा मेचीनगरमै रहेको शान्ति जेभी उद्देश्य प्रालिलाई ठेक्का दिइसकेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रकुमार खाम्याहाङले बताए ।

आगामी मङ्सिर २९ गतेसम्ममा केन्द्रसम्म पुग्ने सडक, कार्यालय भवन, सुरक्षा गार्डको भवन, शौचालय र कम्पाउण्ड वाल निर्माण सक्ने गरी गत असार मसान्तमा नगरपालिका र कम्पनीका बीच सम्झौता भइसकेको जेभीका प्रोप्राइटर नयन बरालले बताए ।

स्थानीयवासीको विरोध

नगरपालिकाले वडा नं ८ मा बन्न लागेको फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माणको विरोधमा वडा नम्बर ८, ३ र ५ तथा बुद्धशान्ति गाउँपालिका-५ का स्थानीयवासीले विरोध जनाएका छन् । उनीहरुले नगरपालिकाले मानव स्वास्थ्यलाई नै असर पुग्ने गरी सो केन्द्र निर्माण गर्न लागेको भन्दै मेचीनगर-३ का एनुकुमार भट्टराईको संयोजकत्वमा संघर्ष समिति नै गठन गरेर विरोध जनाएका हुन् ।

समितिले नगरपालिकाका प्रमुख विमल आचार्य र उपप्रमुख उप्रेतीलाई नजिकै रहेको मानव बस्तीमा असर पुग्ने जनाउँदै नेपालको संविधानले मौलिक हकमा व्यवस्था गरेको नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको ठाडो उल्लंघन भएको भन्दै ज्ञापनपत्र समेत बुझाइसकेको संयोजक भट्टराईले बताए ।

संघर्ष समितिका सदस्यहरू नारायण गिरी, विष्णुलाल गिरी, कमला गिरी, पवन मेचे, रामकान्त चौधरीलगायतले कृषिको उर्वर भुमि रहेको यस क्षेत्रमा कृषि विश्वविद्यालय निर्माण गर्नुको साटो नगरपालिकाले फोहोर व्यवस्थापन गर्न लागेकोमा आपत्ति जनाएका छन् । 'हामी विकास विरोधी होइनौं', संयोजक भट्टराईले भने, 'कृषि क्षेत्रको विकासमा नगरपालिकाको स्वागत गर्छौं तर, मानव स्वास्थ्यलाई नै असर पर्ने गरी यहाँ फोहोर थुपार्न खोजियो भने त्यसको स्थानीयवासीले जहिलै विरोध गर्नेछन् ।' मानव बस्तीबाट टाढा रहेको र प्रशोधन केन्द्र बनाउन उपयुक्त जग्गा रहेको नगरको सर्वदलीय बैठकले नै ठहर गरेको नगरपालिकाका उपप्रमुख उप्रेतीले बताइन् ।


उनले त्यहाँ बन्ने संरचनाका बारेमा ठेक्कासमेत लगाइसकिएको उल्लेख गर्दै स्थानीयवासीको गुनासोलाई सम्बोधन गरिने बताइन् ।

'स्थानीयवासीको जायज मागको सम्बोधन गर्छौं,' उनले भनिन्, 'किसानको धान बाली हरियाली भएको छ, उहाँहरुको मेहनत र परिश्रमको लगानी छ । तर नाजायज माग राखेर विकासको विरोध गर्ने सबैको माग सम्बोधन गर्न सकिँदैन ।'

प्रमुख प्रशासकीय अधिकृत खाम्यावाङले सो प्रशोधन केन्द्रले स्थानीयवासीको स्वास्थ्यमा कुनै असर नगर्ने बताए । उनले फोहोर उठाउँदै कुहिने र नकुहिने वस्तु छुट्याएर ल्याइने बताए ।

उनले भने, 'यो प्रशोधन केन्द्र मात्र हो । यहाँ कुहिने फोहोर संकलन गरेर प्राङ्गारिक मल बनाइन्छ । नकुहिने वर्गीकरण गरेर निर्यात गरिन्छ ।'

# 'इनफ इज इनफ'का अभियानकर्मीलाई नेता पौडेलले भेटे



**काठमाडौं/मस-** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अनशनमा बसेका 'इनफ इज इनफ' अभियानकर्मी 'ई' सँग भेटेका छन् ।

भेटमा वरिष्ठ नेता पौडेलले मुलुकमा देखिएका सम्पूर्ण समस्याको जड भ्रष्टाचार भएको बताउँदै सरकारको हेलचेक्र्याइँ कार्यका विरुद्ध अभियानमा जुटेका युवाहरुको अभियानमा आफू र आफ्नो पार्टीको साथ रहेको बताए ।

उनले कोरोना भाइरस संक्रमणको पीसीआर परीक्षण दायरा बढाउन र क्वारेन्टिन व्यवस्थित गर्न माग गर्दै अनशन बस्दा पनि नसुन्ने सरकार अटेरी सरकार भएको टिप्पणी गरेका थिए । उनले अनसनमा बसेका अनशनकारीको माग सम्बोधनका लागि राज्यले आवश्यक ध्यान नदिएकोप्रति आपत्तिसमेत जनाए । कोरोना भाइरसको रोकथामका लागि प्रभावकारी कदम चाल्न माग गर्दै अभियानकर्मी 'ई' गत १६ दिनदेखि दोस्रो पटक सत्याग्रहमा बसेका हुन् ।

यसअघि शनिबार सभापति शेरबहादुर देउवाले अनशनरत अभियन्तालाई भेटेका थिए ।

# म्याद गुज्रेका सामान नष्ट

**भक्तपुर/मस-** भक्तपुर नगरपालिकाले जनैपूर्णिमालाई लक्षित गरी बजार अनुगमन गरेको छ ।

आइतबार गरेको खाद्य पसलहरुको अनुगमनमा सबै पसलमा कोभिड-१९ बाट सुरक्षित हुने गरी मास्क, पञ्जा, स्यानिटाइजर, एप्रोनको व्यवस्था नभएको सबै पसलमा म्याद नाघेका खाद्य सामानहरु बिक्रीका लागि राखिएको पाइएको अनुगमन समितिका संयोजक राजकृष्ण गोराले जानकारी दिए ।

अनुगमनमा सुरेश खाद्य स्टोर, सचिन खाद्य स्टोर, खोटेजा स्टोर, देभना खाद्य स्टोर, सेभेन नाइन इन्टरप्राइजेजलगायत भएको अनुगमनमा अधिकांशले नियमविपरीत खाद्य सामग्रीको बिक्री गरेको पाइएको उनले बताए ।

अनुगमनका क्रममा पसलमा दर्ता प्रमाणपत्र नभएको र नवीकरण नगरेको, चिउरा प्याकेजिङमा लेबल नभएको, खाद्य गुणस्तर तथा नियन्त्रण महाशाखाको अनुज्ञापत्रबिना केही सामग्रीको लेबल राखेको, म्याद नाघेको सामानहरु बिक्रीका लागि राखेको पाइएपछि म्याद गुज्रेका खाद्य सामग्री जफत गरी नष्ट गरिएको बजार निरीक्षक रामकृष्ण प्रजापतिले बताए ।

# प्लाज्मा थेरापीबाट कोरोना संक्रमितको उपचार




**काठमाडौं/मस-** त्रिवि शिक्षण अस्पतालमा कन्भालेसेन्ट प्लाज्मा थेरापीबाट एक जना कोरोना संक्रमितको उपचार गरिएको छ ।

विराटनगरका ६० वर्षीय कोरोना संक्रमित पुरुषको कन्भालेसेन्ट प्लाज्मा थेरापीबाट उपचार गरिएको अस्पतालले जनाएको छ ।

अस्पतालका कोभिड-१९ व्यवस्थापन संयोजक डा.सन्तकुमार दासका अनुसार

ती पुरुषको गत बिहीबार प्लाज्मा थेरापीबाट उपचार गरिएको र यो नेपालकै पहिलो हो ।

निमोनियाको समस्या देखिएपछि उनी साउन १० गते आइसीयुमा भर्ना भएका थिए । अवस्था गम्भीर भएपछि उनलाई भेन्टिलेटरमा राखेर उपचार गर्नुपर्ने अवस्था थियो ।

अक्सिजनमा सुधार नभएपछि उनको प्लाज्मा थेरापी गरिएको अस्पतालले जनाएको छ । फोक्सोमा जटिल समस्या देखिएपछि उनलाई ९० प्रतिशत अक्सिजन दिनु परेको थियो । हाल अक्सिजन दिनुपर्ने मात्रा २४ प्रतिशतमा झारिएको छ । अहिले उनी खतरामुक्त रहेको अस्पतालले जनाएको छ । उनलाई केही दिनमा आइसीयुबाट सामान्य आइसोलेसनमा राखिनेछ ।

के हो प्लाज्मा थेरापी ?

प्लाज्मा मानिसको रगतमा पाइने एक किसिमको तरल पदार्थ हो । यसले शरीरमा आवश्यक पर्ने भागमा प्रोटिन पुर्‍याउने काम गर्छ । रगतमै पाइने एन्टिबडी पनि एक किसिमको प्रोटिन हो । यसले शरीरमा विभिन्न किसिमका रोगबाट हुने आक्रमणको प्रतिरोध गर्छ ।

प्लाज्मा थेरापी कुनै पनि रोगविरुद्धको प्रतिरोधी क्षमता (एन्टिबडी) विकास भएका मानिसको रगतमा भएको प्लाज्मा बिरामीको शरीरमा पठाई बिरामीलाई रोगविरुद्ध लड्न सक्ने बनाउने अभ्यास हो ।

कुनै पनि बिरामीलाई प्रतिरोधी क्षमता बढाउन सक्ने प्लाज्मा दिँदा उसमा पनि रोग प्रतिरोधी क्षमता विकास हुने र थप शक्तिसँग बिरामीले रोगसँग लड्न सक्छ भन्ने मान्यता यो विधिमा छ ।

खासगरि एन्टिबडी विकास भएका मानिसको रगतबाट प्लाज्मा निकालिन्छ र त्यसलाई बिरामीको शरीरमा पठाइने गरिन्छ ।

यो विधिबाट बेलायत, भारतलगायतका मुलुकहरुमा कोरोना भाइरस (कोभिड-१९) का बिरामीको उपचारको प्रयास गरिएको थियो । उक्त उपचारको प्रयासमा केही सकारात्मक नतिजा आएको भए पनि यसले उत्साहजनक नतिजा भने दिन सकेको छैन । यो विधिले बिरामीलाई छिटो निको पार्न सहयोगी भूमिका मात्र निर्वाह गर्ने विशेषज्ञहरूले बताउँदै आएका छन् । सन् १८९० मा पहिलोपटक यो विधिको प्रयोग गरिएको थियो ।

## सरकारी...

आगामी दिनमा पनि आवश्यक हुने बताउँदै मलेसियाको प्रमुख प्रशासनिक निकाय पुत्रालयले तीन क्षेत्रबाहेक अन्य क्षेत्रमा विदेशी कामदार पूर्णरुपमा रोक्ने निर्णय परिमार्जन गर्न जरुरी रहेको बताए ।

मलेसियन रोजगारदाताहरुले सरकारलाई विदेशी कामदार भर्नाका लागि छिमेकी सिंगापुरले अपनाएको मोडल अपनाउन पनि सुझाव दिएका छन् । सिंगापरले एउटा कम्पनीमा ६० प्रतिशत स्वदेशी र ४० प्रतिशत विदेशी कामदारलाई रोजगारीमा लगाउने गरेको छ । मलेसियाको रोजगार ऐनले स्थानीय कामदारहरुलाई अतिसुरक्षा प्रदान गरेका कारण पनि समस्या रहेको बताएका छन् ।

## संघ...

उनले भनिन्, 'सिंगो व्यवसायको कुरा गर्दागर्दै पनि कतिपय अवस्थामा महिला व्यवसायीहरुको मुद्दा ओझेलमा पर्ने गरेकोले अब त्यस्तो नहोस् भनेर महिला व्यवसायी संगठित भएको हो, तर छुट्टै र पृथक अस्तित्व खोज्ने गरी संगठित भएको होइन । त्यस्तो आवश्यकता पनि छैन ।'

## चार...

सस्तो मूल्यमा नै परीक्षण गरौं भन्ने सोचका साथ काम गरेका हौं", प्रयोगशाला प्रमुख भण्डारीले भने । कोभिड-१९ को परीक्षणका लागि जनतालाई छिटोछरितो एवं सर्वसुलभ सेवा उपलब्ध गराउने सरकारको प्रयासमा आफ्नोतर्फबाट यथासम्भव सहकार्य गर्ने र सहयोग पुर्‍याउने उद्देश्य रहेको विध म्यानेजमेन्टद्वारा आज जारी प्रेस विज्ञप्तिमा जनाइएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुले गत मंगलबार सो प्रयोगशालालाई शुल्क लिएर कोरोना परीक्षण गर्न अनुमति दिएको थियो । प्रयोगशालाबाट दैनिक चार हजार २०० बढी नमूना परीक्षण गर्न सकिने प्रमुख भण्डारीले जानकारी दिनुभयो । सरकारबाट अनुमति पाएसँगै उक्त प्रयोगशालाले बिहीबारदेखि औपचारिकरुपमा आरटी-पिसिआर परीक्षण शुरु गरेको थियो ।

ललितपुरको कुपण्डोलमा रहेको सो प्रयोगशालामा पाँच थान पिसिआर मेसिन र पाँच थान अटोमेटिक आरएनए एक्ट्याक्सन मेसिन जडान गरिएको छ । प्रयोगशालाले यसअघि पाँच घण्टामा दिइँदै आएको 'रिपोर्ट' अब चार घण्टामा दिने तयारी गरेको पनि उनले बताए । प्रयोगशालाले सरकारले दिएको नमूना तथा स्वेच्छाले परीक्षण गर्न आउने व्यक्तिको कोरोना परीक्षण गर्दै आएको छ ।

देशव्यापीरुपमा कोरोनाको संक्रमण बढ्न थालेपछि सरकारले परीक्षणको दायरा र सङ्ख्यालाई दिन प्रतिदिन बढाउँदै लगेको छ । बन्दाबन्दी अन्त्य भएपछि मुलुकभर कोरोना सङ्क्रमणको जोखिम झन बढेको छ । यसले गर्दा कोरोना परीक्षणको दायरा फराकिलो बनाउनुपर्ने आवश्यकता बढेर गएको जनस्वास्थ्य विज्ञले बताउँदै आएका छन् ।

# अदालतप्रतिको जनआस्था कमजोर नपार्न बारको अपील

**काठमाडौं/मस-** नेपाल बार एसोसिएसनले अदालतप्रतिको जनआस्था कमजोर पार्ने किसिमका गतिविधिमा नलाग्न अपील गरेको छ ।

बारका महासचिव अधिवक्ता लीलामणि पौडेलले आइतबार एक विज्ञप्ति जारी गर्दै भनेका छन्, 'अदालत सधैं जनआस्थामा टिकेको हुन्छ, नागरिकको अदालतप्रतिको आस्था टुट्न गएमा मौलिक हकको प्रचलन दुरुह हुने त छँदैछ, साथै लोकतान्त्रिक शासन व्यवस्थाप्रति नै अनास्था फैलिने र अन्ततः कानूनविहीनता र मत्स्य न्यायको स्थिति सिर्जना हुन जान्छ ।'

न्यायापालिकाले स्वतन्त्रता, सक्षमता, निष्पक्षता तथा न्यायिक सद्विवेकका आधारमा कानूनबमोजिम न्याय सम्पादन गर्नुपर्नेमा कुनै विवाद हुन नसक्ने उल्लेख गर्दै विज्ञप्तिमा कहिलेकाहीँ कुनै अदालतबाट भएका आदेश, फैसलालाई लिएर विभिन्न सञ्चारमाध्यमहरुबाट प्रकाशित हुने गरेको पाइएबाट उल्लेख भएअनुसार काम कारवाही नभई राखेको भन्ने बारलाई पनि महसुस भएको उल्लेख छ ।

'अदालतको सहयोगी, अदालतको स्वतन्त्रता, सक्षमता, निष्पक्षताको पक्षमा विकृति, विसङ्गतिविरुद्ध सधैं आवाज उठाइरहने संस्था बार मूकदर्शक भएर रहन सक्दैन', विज्ञप्तिमा भनिएको छ, 'बारको साउन १६ गते बसेको बैठकले देशभरका अदालतबाट विकृति, विसगङ्तिजन्य आदेश तथा फैसला कुनै भएको भन्ने पाइएमा सो विषयमा अध्ययन गरी सम्बन्धित निकायमा आवश्यक कार्यार्थ लेखी पठाउने निर्णय भएको छ ।'

# ३ लाख बढीको अवैध मालसामान नियन्त्रणमा

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १८ साउन ।

नवलपरासीको सीमावर्ती क्षेत्रको विभिन्न ठाउँहरुबाट प्रहरीले ३ लाख २२ हजार ४ सय ४२ रुपैयाँ मूल्य बराबरको अवैध मालसामान नियन्त्रणमा लिएको छ ।

आइतबार सरावल गाउँपालिका वडा नं. ७ बुलन्दपुरमा नेपालबाट भारततर्फ अवैधरुपमा लैजादै गरेको करिब ५० हजार मुल्य बराबरको ११ बोरा मटर (केराउ), पाल्हिनन्दन गाउँपालिका वडा नं. २ गोपालपुरमा भारतबाट अवैधरुपमा नेपालतर्फ ल्याउँदै गरेको करिब १ लाख ८२ हजार ४ सय ४२ मुल्य बराबरको विभिन्न ५८ किसिमको औषधि सीमा प्रहरी चौकी महेशपुरले नियन्त्रणमा लिएको हो ।

त्यसैगरी प्रतापपुर गाउँपालिका वडा नं. २ सेमरीमा भारतबाट नेपालतर्फ अवैधरुपमा लैजाँदै गरेको करिब ९० हजार मुल्य बराबरको ९ वटा खसी ईलाका



प्रहरी कार्यालय सेमरीले नियन्त्रणमा लिएको छ ।

उक्त मटर, औषधि र खसी मानिसहरुले साईकल र मोटरसाईकलमा बोकी लैजादै गर्दा प्रहरी टोलीलाई देखेपछि उनीहरु उक्त सामानहरु फालेर भगेका थिए ।

नियन्त्रणमा लिइएको सबै सामान आवश्यक कारवाहीको लागि महेशपुर भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सुचना अधिकारी राजु लामाले जानकारी दिएका छन् ।

# आज जनै पूर्णिमा मनाइँदै



**काठमाडौं/मस–** प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनै पूर्णिमा (ऋषि तर्पणी) पर्व आज देशभर मनाइँदैछ ।

पूर्णिमाका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र बाँध्छन् । गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको यज्ञोपवीत एवं डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास रहि आएको छ ।

सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु बृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा चलेको रक्षाबन्धनको परम्परा हालसम्म पनि प्रचलित छ ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितहरुले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको नेपाल पञ्चाङ्क निर्णायक समितिका अध्यक्ष एवं धर्मशास्त्रविद् प्रा.डा रामचन्द्र गौतमले बताए ।

मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितहरुले यजमानको दाहिने नाडीमा बाँधिदिने गरिन्छ ।

यसै दिन ब्राह्मण, क्षत्री र वैश्य गरी तीन वर्णका तागाधारीले आफ्नो जनै (यज्ञोपवीत) फेर्नुपर्ने विधान शास्त्रमा उल्लेख छ । यसका लागि श्रावण शुक्ल चतुर्दशीदेखि कपाल मुण्डन गरी एक छाक मात्र खाएर चोखोनीतो गरी बसिन्छ । यसरी व्रत बसेका तागाधारीले पूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई गाईको गोबर, खरानी, दत्तिउन र सप्तमृत्तिका लगाएर स्नान गर्दछन् । यसलाई श्रावणी स्नान पनि भनिन्छ ।

स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिहरुलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिन्छ । अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो ।

वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागो भनिन्छ । रक्षाबन्धन बाँध्न एवं नयाँ जनै फेर्न बिहानैदेखि पशुपतिनाथ मन्दिर परिसर, वसन्तपुरस्थित अशोक विनायकलगायत वाग्मती नदीको किनार र मठ मन्दिरमा भक्तजनको भीड लाग्ने गरेकामा यस वर्ष कोरोना भाइरसको संक्रमणका कारण भीड कम गर्न सरकारले आह्वान गरेको छ ।

कुनै पनि समारोह वा उत्सव आयोजना गर्दा भौतिक दूरी कायम गरी २५ जनाभन्दा कम उपस्थित हुनुपर्ने नियम छ ।

जनै पूर्णिमाका दिन एघार थरीका गेडागुडी मिसाई भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाने गरिन्छ ।

यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक एवं आयुर्वेद शास्त्रीय मान्यता छ । क्वाँटीले रोग प्रतिरोधी क्षमतासमेत बढाउने भएकाले कोरोनाबाट बच्न उपयोगी हुन्छ ।

नेपालको तराई क्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर यो पर्व मनाइन्छ । यसबाट दिदीबहिनी र दाजुभाइका बीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ ।

काठमाडौंको उत्तरपूर्वी भेगमा रहेको मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गंगासागर, जुम्लाको दानसाधु एवं नवलपरासीको त्रिवेणीधामलगायतका ताल, पोखरी र कुण्डमा श्रावण शुक्ल पूर्णिमाका दिन बिहानैदेखि मेला लाग्ने गरेकामा यस वर्ष कोरोनाको भएकै कारण उत्सव छैन ।

यस पर्वका अवसरमा केही वर्षअघिसम्म सार्वजनिक बिदा दिर्ने गरिएकामा हाल कटौतीमा परेको छ । गण्डकी प्रदेश सार्वजनिक बिदा

आज गण्डकी प्रदेशमा सार्वजनिक बिदा दिइएको छ । प्रदेश सरकारले जनैपूर्णिमाको अवसरमा प्रदेशमा सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयले जनैपूणिमाका अवसरमा प्रदेशका सबै सरकारी कार्यालय, शैक्षिक संस्था र सार्वजकि संस्थानमा बिदा दिने निर्णय गरेको छ । मन्त्रिपरिषद्को २०७६ चैत २२ गतेको निर्णयले बिदा दिने निर्णय गरिएको हो ।

# ट्राफिक महाशाखा सिल



काठमाडौं/मस- महानगरीय ट्राफिक प्रहरी महाशाखाका दुई प्रहरी कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएपछि महाशाखामा सिल गरिएको छ ।

गत शुक्रबार नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा गरिएको स्वाब संकलनमा दुई ट्राफिक प्रहरीमा कोरोना संक्रमण पुष्टि भएको थियो ।

महाशाखा प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालले ट्राफिक प्रहरीमा कोरोना संक्रमण पुष्टि भएपछि महाशाखामा आवतजावतमा रोक लगाइएको बताए । कोरोना पुष्टि भएका प्रहरीको सम्पर्कमा आएकालाई बाहिर आवतजावतमा समेत बन्द गरिएको ढकालले बताए । यस्तै महाशाखाभित्र बस्ने ३७५ ट्राफिक प्रहरी कर्मचारीलाई क्वारेन्टिनमा राखिएको छ ।

महाशाखामा हाल एक हजार पाँच सय भन्दा बढी ट्राफिक प्रहरी कार्यरत रहे पनि ३७५ जना क्वारेन्टिनमा रहेकाले बाँकीलाई सवारी चापको अवस्था हेरेर काममा खटाइएको महाशाखाले जनाएको छ ।

क्वारेन्टिनमा बसेका प्रहरीको चाँडो स्वाब संकलन गर्ने तयारी भइरहेको महाशाखाले जनाएको छ । स्वाब संकलनको रिपोर्ट नआएसम्म महाशाखाभित्रबाट सेवाग्राहीका लागि गरिने दैनिक कामकाज रोकिने छन् ।

## खोटाङका बाख्रापालक वडाध्यक्ष

# बाख्रापालनबाटै वार्षिक ५ लाख आम्दानी



**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, १८ साउन

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१५ का कृषक वीरेन्द्र ढकालले बाख्रापालन व्यवसायबाट वार्षिक पाँच लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् । वडा अध्यक्षसमेत रहेका ढकालले विगत लामो समयदेखि बाख्रापालन गर्दै आए पनि वि.सं. २०७२ सालमा बाख्रा फर्म स्थापना गरेका हुन् ।

ढकालले कालिका बाख्रा फर्म दर्ता गरेका छन् भने फर्ममा अहिले ८५ वटा बाख्रा रहेको छ । फर्ममा रहेको बाख्रामध्ये ७ वटा बोयर जातका बाख्रा रहेको ढकालले बताए । एक हजारभन्दा बढि बाख्रा पालन गर्ने उद्देश्य लिई शुरु गरेका ढकालले करीब ५ रोपनी जग्गामा बाख्राको लागि विभिन्न प्रजातिका घास लगाएका छन् । ढकालले बाख्रा सहित ९ रोपनी जग्गामा केरा, अनार, रुख कटहर पनि लगाएका छन् ।

'नेपालमा राजनीति गरेर मात्र हुँदैन, राजनीति गर्दा कुनै पनि पेशा वा व्यवसाय आवश्यक पर्छ,' उनले भने, 'राजनीति गर्न कुनै न कुनै व्यवसाय आवश्यक पर्ने हुनाले कृषि व्यवसाय शुरु गरेका हुँ ।'

पछिल्लो समय कृषि पेशालाई धेरै मानिसहरुले छोड्दै गएपनि अध्यक्ष ढकालले भने कृषि पेशालाई छाडेका छैनन् ।ढकालले बाख्रापालनको लागि आधुनिक तरिकाको खोर बनाएर जिल्लाको नै नमूना बाख्रा फर्मको रुपमा विकास गरेर लैजाने उद्देश्य रहेको उनले बताए ।

अध्यक्ष ढकाल सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का जिल्ला कमिटी सदस्य पनि हुन् । वडाध्यक्ष ढकाल नगरपालिकाको आर्थिक विकास समिति संयोजक समेत रहेका छन् ।

# रेडक्रसले श्वेतपत्र जारी गर्ने



**काठमाडौं/मस–** नेपाल रेडक्रस सोसाइटीको नवगठित तदर्थ समितिका पदाधिकारीहरूले आइतबार नेरेसो केन्द्रीय कार्यालयमा पदभार ग्रहण गरेका छन् ।

मुलुक बाढी पहिरोले आक्रान्त भइरहेको समयमा रेडक्रसको अन्तर राष्ट्रिय महासंघको विपद् प्रतिकार्य आपत्कालीन कोषबाट सहयोग लिने तयारीका सन्दर्भमा नवनियुक्त कोषाध्यक्ष, महामन्त्री र अध्यक्षले क्रमशः टिप्पणीमा दस्तखत गरी पदभार शुरू गरेका हुन् ।

पदभार ग्रहणपश्चात् अध्यक्ष डाक्टर नेत्र तिम्सिनाले जनता, सरकार र साझेदारहरूलाई रेडक्रसको अहिलेको स्थितिको बारेमा स्पष्ट जानकारी गराउन आगामी हप्ता श्वेतपत्र जारी गर्ने बताए ।

साउन १२ गते बसेको मन्त्रीपरिषद् बैठकले नेपाल रेडक्रस सोसाइटीको तत्कालीन कार्यसमिति विघटन गरी संस्थाको साधारण सदस्य मध्येबाट डाक्टर नेत्र तिम्सिनाको अध्यक्षतामा ३३ सदस्यीय तदर्थ समिति गठन गर्ने निर्णय गरेको थियो ।

आगामी सातासम्ममा नयाँ समितिले आफ्नो विस्तृत कार्ययोजना बनाउने बताउँदै अध्यक्ष डा. तिम्सिनाले भने, 'नेपाल रेडक्रसको लागि नयाँ ऐन ल्याउन हाम्रो प्रयास हुनेछ र देशको संरचनाअनुसार रेडक्रसको संरचना मिलाउनेतर्फ पनि क्रियाशिल हुनेछौं । आचारसंहिता उल्लंघनमा सुन्य शहनशीलता हुनेछ र संस्थालाई सुद्धिकरण गरिने छ ।'

सोही अवसरमा तदर्थ समितिका महामन्त्री पिताम्बर अर्यालले नेपाल रेडक्रसलाई थप उचाईमा लैजाने, निर्वाचन जतिसक्दो छिटो गर्ने र कानुनी अवस्था सुधार गर्ने नै समितिको प्राथमिकता रहेको बताए । पदभार ग्रहण कार्यक्रममा उपाध्यक्षद्धय डा.विश्वकेशर मास्के, शर्मिला कार्की र उपकोषाध्यक्ष होमप्रसाद पाठकको पनि उपस्थिति रहेको थियो । समितिका कोषाध्यक्ष सिताराम कोइरालाले रेडक्रस सोसाइटीको तदर्थ समिति गठन गरिदिएकोमा नेपाल सरकारप्रति आभार व्यक्त गर्दै, 'रेडक्रसको आदर्श, सिद्धान्त, मुल्यमान्यतालाई आत्मसाथ गर्दै नेपाल रेडक्रसलाई जनसमक्ष लोकप्रिय बनाएर अगाडि बढाउने हाम्रो प्रतिवद्धता छ ।'

यस अघि नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकाल र उच्च पदस्थ कर्मचारीहरूले तदर्थ समितिलाई केन्द्रीय कार्यालयमा स्वागत गरेका थिए ।

स्वागत तथा परिचय कार्यक्रममा नयाँ पदाधिकारी,सदस्यहरु, रेडक्रसको अन्तर्राष्ट्रिय समितिका नियोग प्रमुख जेरम इम्स्टेफ, रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ नेपाल कार्यालयका कार्यवाहक प्रमुख हार्भे गजेउ र कर्मचारी तथा रेडक्रसकर्मीहरुको उपस्थिति रहेको रहेको सञ्चार निर्देशक दिव्यराज पौडेलले जानकारी दिए ।

आइतबार नै नयाँ कार्यसमितिका महानुभावहरुले रेडक्रसको आचारसंहितामा हस्ताक्षर गरेका छन् । त्यस्तै नेपाल रेडक्रस सोसाइटीको परिचय, सञ्चालित कोभिड-१९ र बाढी पहिरो प्रतिकार्यसम्बन्धी नयाँ समितिका पदाधिकारी तथा सदस्यहरुलाई कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले जानकारी गराए ।

# प्रदेश प्रहरीलाई सवारी साधन



**काठमाडौं/मस–** गण्डकी प्रदेश सरकारले प्रदेश प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयका लागि उपलब्ध गराइएका सवारी साधन हस्तान्तर गरेको छ ।

मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले प्रहरी प्रमुख प्रहरी नायव महनिरीक्षक घनश्याम अर्याललाई आइतबार एक समारोहकाबीच चावी हस्तान्तरण गरेका हुन् ।

प्रदेश सरकारले प्रदेश प्रहरीलाई टाटा पिकअप भ्यान ४ थान र २८ थान मोटरसाईकल (पल्सर १८, टीभीएस अपाचे ५ र बुलेट ५ थान) हस्तान्तरण गरिएको छ । चावी हस्तान्तरण पश्चात मुख्यमन्त्री गुरुङले हस्तान्तरण गरिएका सवारी साधनहरुको अवलोकन समेत गरेका छन् । मुख्यमन्त्री गुरुङ शान्ति सुरक्षा लगायत अपराध अनुसन्धान तथा नियन्त्रणको क्षेत्रमा प्रदेश प्रहरी कार्यालय र मातहतका प्रहरी कार्यलयहरुबाट उल्लेखनीय कार्य भइरहेको बताए । हस्तान्तरण गरिएका सवारी साधनहरुले प्रहरी काम कारबाहीमा चुस्तता प्रदान गर्ने र प्रहरी कर्मचारीहरुको मनोवल समेत वृद्धि हुनेमा विश्वास व्यक्त गरे ।

गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हरि बहादुर चुमानले प्रहरीको काम कारबाहीलाई थप प्रभावकारी, जनमुखी र समयसापेक्ष बनाउन स्रोतसाधनको अपरिहार्यता रहेको बताए ।

गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक घनश्याम अर्यालले प्रमुख अतिथि मुख्यमन्त्री गुरुङ लगायत गण्डकी प्रदेश सरकार प्रति नै आभार व्यक्त गरे ।

उनले हस्तान्तरीत सवारी साधनहरुले गण्डकी प्रदेशको शान्ति सुरक्षा, अपराध नियन्त्रण र अनुसन्धान गर्ने जस्तो संवेदनशिल जिम्मेवारी वहन गर्दै पारदर्शीता, जवाफदेहिता र व्यावसायिक निष्ठापूर्वक कार्य सम्पादन गर्ने जस्ता प्रहरी कार्यमा थप मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रहरी वरिष्ठ उपरीक्षक किरण राणाले सुशासन र शान्ति सुरक्षाको पूर्ण अनुभुति गर्ने नागरिकहरुका चाहना पूरा गराउने कार्यमा प्रदेश सरकारबाट हस्तान्तरण गरिएका उक्त सवारी साधनहरुले सम्पूर्ण प्रहरी कर्मचारीहरुको मनोवल विकास र नागरिक मैत्री प्रहरी सेवा सहितको गुणस्तरिय प्रहरी सेवा प्रदान गर्नमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

# लायन्स नेटवर्कको संयोजकमा आचार्य







**न्यूयोर्क, अमेरिका/मस–** 'हामी सेवा गर्छौं' भन्ने मूल नारा लिएर स्थापना भै अमेरिकाको न्यूयोर्क कुइन्समा सक्रिय लायन्स क्लब अफ कुईन्स बुद्ध, नेप्लिज र केटिएमको संयुक्त पहलमा कोभिड-१९ को महामारी पीडितहरुलाई राहत र सहयोग प्रदान गर्ने उद्देश्यले पूनर्गठित नेपाली लायन्स नेटवर्क न्यूयोर्कको संयोजक, कार्यक्रम संयोजक र सचिव मनोनयन भएको छ ।

नेटवर्कलाई बढी परिस्कृत, सक्रिय र सेवामुखी बनाउनको निम्ति प्रत्येक क्लबवाट ४/४ जनाको प्रतिनिधित्वसहित हालै संयुक्त भर्चुयल जूम बैठक सम्पन्न भएको थियो । उक्त बैठकले नेटवर्कको नयाँ संयोजकमा लायन्स क्लब कुईन्स बुद्धबाट संस्थापक अध्यक्ष कृष्ण आचार्य, लायन्स क्लब केटीएमबाट अशोक कार्कीलाई कार्यक्रम संयोजक र लायन्स क्लब नेप्लिजबाट अच्यूत सिंग्देललाई सचिवको जिम्मेवारीमा सर्वसम्मत मनोनयन गरेको हो ।

कोभिड-१९ को बिद्यमान संकट अवस्था र अन्य मानवीय सेवा कार्यमासमेत नेपाली लायन्स क्लबहरूको एकीकृत र समन्वयात्मक सहकार्यलाई दीर्घकालसम्म निरन्तरता दिनुपर्ने खाँचो महसूस गरी उक्त संयूक्त संजालको पुनर्गठन गर्ने सर्वसम्मत निर्णय गरिएको संयोजक आचार्यले बताए । नेटवर्कको स्थापना गत मार्च महिनामा कोभिड-१९ बाट पीडित समुदायलाई सेवा र सहयोग पुऱ्याउने मुख्य उदेश्यसाथ भएको थियो ।

नेपाली समाजमा हालसम्म नेटवर्क मार्फत गरिएको सेवा-सहयोग कार्य सफल र उपलब्धिपूर्ण रहेकोले यसको आवश्यकता र निरन्तरताको निम्ति सबै नेपाली लायन्स क्लबहरू पुनस् एकमत एवं एकजुट भएका हुन् । न्यूयोर्कमा स्थापित समान संस्थागत उद्देश्य बोकेका तिनवटै सक्रिय नेपाली लायन्स क्लबहरूले नेपाली समुदायका साझा सवालहरूमा उपलब्ध स्रोत साधनको समन्वय र परिचालनसहित एक आपसमा मिलेर कार्यक्रम गर्दै जाने प्रतिबद्धता गरेका छन् । नवगठित नेपाली लायन्स संजालले रक्तदान र मतगणना जागरण कार्यक्रम तत्काल आयोजना गर्ने निर्णयसमेत गरेको नेटवर्कका कार्यक्रम संयोजक कार्कीले जानकारी दिए ।

# पूर्वकेन्द्रीय सदस्यको निधनप्रति
# महासंघद्वारा दुःख व्यक्त




**काठमाडौं/मस–**नेपाल पत्रकार महासंघले पूर्वकेन्द्रीय सदस्य तथा हुम्ला शाखाका संस्थापक सभापति अग्रज पत्रकार जयबहादुर रोकायाको निधनप्रति दुःख व्यक्त गरेको छ ।

महासचिव रमेश विष्टले एक विज्ञप्ति जारी गर्दै रोकायको निधनप्रति महासंघ स्तब्ध र दुःखी भएको बताएका छन् । ६२ वर्षीय रोकायाको साउन १७ गते साँझ पाँच बजे हुम्लाको सिमकोट गाउँपालिका-५ कालिञ्चोकस्थित निवासमा निधन भएको हो

वि.सं. २०५० सालदेखि पत्रकारितामा सक्रिय रोकायले लामो सयम कान्तिपुर दैनिकमा कार्य काम गरेका थिए । हुम्ला जिल्ला र समग्र कर्णाली क्षेत्रमा व्यावसायिक पत्रकारिताको विकासका लागि उल्लेख्य योगदान पुऱ्याएका रोकायाको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक अनुभवी र जुझारु पत्रकार गुमाउनुका साथै हुम्ला शाखाले असल अभिभावक गुमाएको महासंघले जनाएको छ । स्वर्गीय रोकायाका दुई श्रीमती, चार छोरा र एक छोरी छन् ।

नेपाल पत्रकार महासंघले स्वर्गीय रोकायाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गदै दिवंगत आत्माको चिरशान्तिको कामना गरेको छ । साथै, शोकको यस घडीमा महासंघ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दै गहिरो समवेदना व्यक्त गरेको छ ।


# घुस लिएको अभियोगमा मुद्दा




**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ६५ हजार रुपैयाँ घुस लिएको अभियोगमा इटहरी नगरपालिका सुनसरीका लेखा अधिकृत विकास पोखरेल विरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

उपमहारनगरपालिकाको शिक्षा शाखाले कक्षा ८ को परीक्षा सञ्चालनमा भएको खर्चको फरफारक गरी भुक्तानी दिने क्रममा पोखरेलले सेवाग्राहीसँग घुस माग गरेको आरोप लागेको छ । आयोगका प्रवक्ता तारानाथ अधिकारीका अनुसार आरोपी पोखरेल विरुद्ध बिगो अनुसारको कारवाहीको माग दाबी गरिएको छ ।

# प्रहरी र प्रदर्शनकारीबीच झडप



**उदयपुर/मस–** उदयपुरको बेलका नगरपालिकामा प्रहरी र प्रदर्शनकारीबीच आइतबार झडप भएको छ ।

स्थानीय जनप्रतिनिधि र कर्मचारीले मनलाग्दी र अनियमितता गरेको भन्दै नेपाली कांग्रेससहित विपक्षी गठबन्धनले नगरपालिका घेराउ गरेर प्रदर्शन गरेपछि झडप भएको हो ।

सो क्रममा प्रदर्शनकारीले ढुंगा प्रहार गरेका थिए भने स्थिति नियन्त्रण गर्न प्रहरीले लाठी चार्ज गरेका थियो ।

इलाका प्रहरी कार्यालय रामपुरका प्रमुख प्रहरी निरीक्षक नवीन सिंहका अनुसार झडपमा एक प्रहरी र ६/७ जना प्रदर्शनकारी समेत घाइते भएका छन् ।

सयौंको संख्यामा विपक्ष दलका कार्यकर्ताले नगरपालिका अगाडि प्रदर्शन गरिरहेका थिए । केही दिनअघि नगरपालिकाका उपप्रमुख राजकुमारी चौधरीले नगरपालिकामा मनलाग्दी र भ्रष्टाचार बढेको भन्दै राजीनामा घोषणा गरेपछि विपक्षी कांग्रेससहित विभिन्न दल आन्दोलित बनेका छन् ।

## सम्पादकीय

# भय होइन, सतर्कता


केही दिन अगाडि संघीय सांसद प्रदीप यादवलाई कोरानाको संक्रमण पुष्टि भयो । महामारीको 'हट स्पट' बनेको पर्साका सांसद यादवलाई संक्रमणको पुष्टि भएको छ । केही दिन यता लगातार महामारीबाट मृत्यु भइरहेको पर्सामा आइतबार पनि उच्च संख्यामा संक्रमित भेटिएका छन् । पर्सामा एकै दिन ८१ जनामा संक्रमण पुष्टि भएको दिन उता नेपालसँग सीमावर्ती भारतको उत्तर प्रदेशका मन्त्रीको मृत्यु भएको छ । यूपीका मन्त्री कमला रानीको संक्रमणबाटै मृत्यु भएको छ । त्यसै दिन भारतका संघीय सरकारका गृहमन्त्री अमित साहलाई समेत कोरोना पुष्टि भएको छ । उनी चिकित्सकको सल्लाहमा अस्पताल भर्ना भएका छन् ।

बढी प्रभावित हुने विश्वका तेस्रो मुलुक बनेको भारतमा १७ लाखमा संक्रमण पुष्टि भइसकेको छ भने ३७ हजारको मृत्यु भइसकेको छ । छिमेकी मुलुक भारतको यो डरलाग्दो अवस्थाले नेपालमा पनि तरंगित हुनुपर्ने अवस्था आएको छ । किनभने, नेपालमा संक्रमण पुष्टि भएका ९५ प्रतिशत बढी भारतबाटै आएका हुन् । अहिले पर्सामा संक्रमण पुष्टि भएकाहरू पनि धेरैजसो भारतबाटै आएका थिए । तिनै भारतबाट आएकाहरूबाट समुदाय स्तरमा संक्रमण फैलदा पर्सा महामारीको 'हट स्पट' बन्न पुगेको छ ।

पर्सा सहित बारा, विराटनगर, बिर्तामोड, नेपालगञ्ज लगायत शहर पनि महामारीबाट बढी प्रभावित बन्न पुगेको छ । १२० दिन लामो लकडाउन सरकारले गएको साउन ७ गतेबाट खुलाए सँगै राजधानी उपत्यकामा पनि संक्रमण दर बढेको छ । राजधानीका मुख्य शहरहरूमा पनि संक्रमित भेटिएका छन् । लकडाउन खुलेसँगै राजधानी प्रवेश गर्ने नाकाहरूबाट दश हजार बढीको स्वाब संकलन गरिएको छ । तर, स्वाब रिपोर्ट आउन भने बाँकी छ । एकातिर लकडाउन खुलेको अवस्था र अर्कातिर भीभीआईपीमै संक्रमण देखिनुले नेपालमा महामारीको भय बढेको देखिन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि १२ वर्ष मुनिका र ६० वर्ष माथिकाहरूलाई घर बाहिर ननिस्कन आग्रह गरिसकेको छ ।


आरडीटी प्रयोगमा रोक, स्थलगत आवागमनमा कडाइ, ठूलो जमघटमा बन्देज र मास्क तथा स्यानिटाइजर अनिवार्य जस्ता कदम सरकारले अगाडि बढाएको छ । संक्रमण बढ्नुमा भने सतर्कता नअपनाउनुलाई महत्वपूर्ण मानिएको छ । त्यसैले अहिले जस्तो भयको बातावरण सिर्जना गरिदैछ, यसको ठाउँमा उच्च सतर्कता चाहिँ बढी आवश्यक छ । किनभने, लकडाउन आफैँमा समाधान होइन । लकडाउनको मात्रै विकल्प खोज्नतिर लाग्ने र सतर्कतामा ध्यान नदिने हो भने रोगसँगै भोकको भय समेत बढेर जानेछ ।

## सामाजिक सञ्जाल




देशको विभिन्न ठाउंहरूमा संक्रमीतको संख्या बढेको छ । कुनै नौलो कुरो होइन । भारतबाट संक्रमण छिर्ने र देशभर फैलिने क्रम केहि समय अझै जारी रहनेछ । तर पुनस् लकडाउन कुनै हालतमा समाधान होइन । मास्कमा कडाइ, दुरी, परीक्षणलाइ व्यापकता, जोखिम समुहलाइ विशेष ध्यान नै अबको 'नव(सामान्यीकरण' हो ।

**– समिरमणी दिक्षित**




मान्छे डडे पनि थुतुनो नडड्ने खालका प्रेम सञ्जेल निजामति सेवाका दुर्लभ नमुना हुन् । 'हजुर–हजुर' भन्दै मालिस लाएर धुन्धुकारी काम गर्ने कर्मचारीभन्दा टर्रोपीरो बोलेर ठीकठाक काम कर्मचारीको खाँचो छ ।

**– रञ्जित तामाङ**



कोरोना कन्ट्रोलबारे विकसित देश नर्भसजस्तो देखिए पनि, धन्य हो, चार महिनाको लकडाउन हामीले सहजरूपमा लियौँ । आज यो विकराल–व्याप्त भए पनि, सरकारले चिन्ता नगरे हुन्छ । हामी जनताले, कोरोनालाई काल वा भाग्यका रूपमा लिँदै, सहअस्तित्व स्वीकार गरिसकेका छौँ ।

**– दमननाथ ढुंगाना**



समय व्यवस्थापन र खाली समयमा रचनात्मक कसरी हुने भन्नेबारे कसैबाट तालिम लिन पाए हुन्थ्यो जस्तो लाग्न थाल्यो । घर–कार्यालय–कार्यालय–घर अनि खाने, सुत्नेभन्दा अरू केही हुनरगर्न सकिरहेको छैन ।

**– गनी अन्सारी**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# दायित्व बिर्सिएका दलहरू



■ संजिव कार्की

हरेक व्यवस्था परिवर्तनमा, परिवर्तनपछि प्राप्त हुने लाभ, फल र परिणामको सपना असिमित र राष्ट्रको क्षमता भन्दा पर गएर देखाएको हुन्छ । आन्दोलन सफल पार्न र चुनाव जित्न पार्टीहरुले तय गर्ने नाराको सानो अंश मात्र पनि पूरा हुने र भएको भए आज हामी विकासोन्मुख राष्ट्रबाट विकासशील राष्ट्रको दर्जामा रुपान्तरित हुन्थ्यौ । हाम्रो आर्थिक, सामाजिक र शैक्षिक अनि सांस्कृतिक र वैचारिक अवस्था फरक हुन्थ्यो । जनताको जीवस्तरले कम गुनासो गर्ने स्थिति बन्थ्यो । थिति बस्थ्यो, पद्दति र प्रणाली मजबूत हुन्थ्यो । नैतिकता र अनुशासन एकादेशको कथा बन्दैनथ्यो । सुशासन र भ्रष्टाचार किताबमा मात्रै खोज्नु पर्दैनथ्यो । तर आज हामीलाई जे चाहिदैन त्यो सबै छ । जे चाहिन्छ त्यो किताब गोष्टी र नेताको भाषणमा मात्रै भेटिन्छ ।

२०४६ सालको परिवर्तनले नपुगेर २०५१ देखि जनयुद्द हुँदै मधेश आन्दोलन, बिभिन्न जनजाती आन्दोलन, थरि थरि सामाजिक आन्दोलन र समाज परिवर्तन व्यवस्था परिवर्तनका अनेकन आयाम र घुम्ती पार गरेर २०६२/०६३ को जनान्दोलन पछि देश राजा निकालेर जनताको छोराछोरी देशको सर्वोच्च पदमा पुग्ने व्यक्ति जन्म श्रेष्ठ होइन । कर्म श्रेष्ठ बन्ने परिपाटी अर्थात संघीय गणतन्त्रमा गयो । आफ्नो शासन आफैं गर्ने जनताले गर्ने स्थानीय तहमा शासन आफैंले गर्न संघीय मोडल उपयुक्त ठानियो र त्यतै गइयो । संविधान बाधक भएकोले धेरैपटक संविधान परिवर्तन गरियो । विकास ,स्वतन्त्रता र कर्म स्वतन्त्रताको बाधक राज संस्था ठानियो र राजालाई पनि गलहत्याइयो ।

शासन व्यवस्थामा पूर्ण र भव्य बहुमतवाला सरकार नभएकोले विकास निर्माण र शान्ति सुरक्षा प्रबन्ध गर्न नसकिएको, स्थिरता र समृद्धिको लागि अप्ठ्यारो भएकोले बहुमत हैन दुई तिहाई बहुमतको माग गरियो । जनताले पत्याए । नेकाप एमाले र मओवादी केन्द्रको गठबन्धनलाई दुई तिहाई नजिकको जनमत पनि दिए । नेकपा एमाले र माओवादी केन्द्र एकीकरण गरेर नेकपा बन्यो तर आज स्थिति जे छ सरकारको असुरक्षाको जुन स्थिति र पार्टी विग्रहको जुन दर्दनाक स्थिति छ । त्यसको भागीदार र मतियार को हो ? प्रश्न खडा छ ? जनतालाई अब कुन व्यवस्थाले हित गर्छ ? के हामी राजनीतिक प्रयोगशाला र प्रायोगिक पात्र मात्रै हेरेर बस्ने ? नेताले अब अर्को कुन व्यवस्था र परिपाटी खोजेका हुन ? प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली अबको गन्तव्य हो ? प्रत्यक्ष निर्वाचित प्रणाली चै सफल नै हुन्छ भन्ने ग्यारेन्टी के छ ? त्यसको अवगुण पनि टेष्ट गर्ने अबको नेपाली राजनीतिको कार्यभार हो त ? पक्कै होइन ? पात्र यिनै प्रवृति यिनै अनि राजनीतिक पार्टी यिनै यो असम्भव छ ।

राजनीतिक प्रणाली साधन हो साध्य होइन यदि साध्य नै राजनीतिक प्रणाली हुन्थ्यो भने सफल बिकसित र सम्पन्न राष्ट्रको राजनीतिक प्रणाली एकै हुन्थ्यो । विविध स्वरुपको राजनीतिक प्रणाली भएका मुलुक भएकोले यो प्रणाली र यो वाद मात्र निर्विकल्प वाद र प्रणाली भन्न सकिन्न । न राजतन्त्रवाला मुलुक, न साम्यवादी, न समाजवादी, न पूंजीवादी, न उदारवादी न धार्मिक सत्ता भएको मुलुक सबै आ-आफ्ना बिशेषता र कमजोरीसहित उन्नत छन । विकसित छन । सम्पन्न र शक्तिसाली छन् । यसर्थ वाद या प्रणाली भन्दा पनि देशका नागरिकको चेतना र नेताहरुको क्षमतामा यी यावत कुरा निर्भर रहन्छ ।




> विविध स्वरूपको राजनीतिक प्रणाली भएका मुलुक भएकोले यो प्रणाली र यो वाद मात्र निर्विकल्प वाद र प्रणाली भन्न सकिन्न । न राजतन्त्रवाला मुलुक, न साम्यवादी, न समाजवादी, न पूंजीवादी, न उदारवादी न धार्मिक सत्ता भएको मुलुक सबै आ–आफ्ना बिशेषता र कमजोरीसहित उन्नत छन ।

राजनीतिक प्रणाली परिवर्तन गर्दा पूर्व प्रणालीको प्रवृति नव प्रणाली हाक्नेहरुमा सर्नु या रहनु नै पद्दति निर्माण गर्न चुकेको अवस्था र बनेको खराब मार्ग हो । तीस वर्षको पंचायती व्यवस्थाको बिदाईपछि प्रधानमन्त्री बन्न आएको अफर अस्विकार गरेर राजनीतिको मानक र त्याग अनि निष्ठा संघर्षको पर्याय बन्न गणेशमान सिंहले मार्ग प्रशस्त गरेका थिए । तर गणेशमानको यो महानता आज सम्म कसैले अनुकरण गरेनन बरु आफ्नो सहयात्री समकक्षी आफ्नै पार्टीका नेतालाई खुट्टा तान्ने, लडाउने, असफल बनाउने र गलत हर्कत र निर्मम प्रहार गर्ने उल्टो बाटो तय गरे ।

२०४७ सालको अन्तरिमकालका सफल प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले दुई गम्भीर भूल गरे पहिलो भूल थियो बिना परिक्षा शिक्षकलाई स्वतः स्थाई गर्ने निर्णय । यो अत्यन्त गलत नीतिगत भ्रष्टाचारको सुरुवात थियो । गलत कर्म नियतवस नगरिए पनि त्यसले ल्याउने परिणाम र नतिजा यस्तोहोला भनेर अपेक्षा गरिएन तर ढंग नपुगेको हो । नियत गलत थिएन तर नियतिले गलत बनायो । फलस्वरुप आज विश्व विद्यालयका अस्थाई प्राध्यापकहरुसमेत परिक्षा फेस नगरी स्थाई हुन् पाउ भनेर भोक हड्ताल र आन्दोलनमा उत्रने भए । एउटा देशको सर्वोच्च शैक्षिक थलोका प्राज्ञिक र बौद्दिक बर्गको अवस्था र अवस्थिति तिनको गतिबिधिले देशको सामाजिक चेतनाको स्तर झल्काउछ ।

देश थितिमा छ कि बेथितिमा भन्ने जानकारी दिन्छ यसको मार्ग त्यहि अन्तरिमकालमा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको सरकारले गरेको गलत निर्णयको प्रतिफलको सिलसिलाबद्ध नतिजा हो । त्यस्तै भट्टराईको अर्को गलत निर्णय हो मदन भण्डारीको मृत्युपछि रिक्त स्थानमा हुने उप चुनाव लडेर पुनः सत्तामा पुग्ने मोह । जसको कारण खराब थिति बस्यो । एक कार्यकाल चुनावमा पराजित भएपछि पुनः सो अबधिभर चुनावी प्रतिस्पर्धा नगर्ने नैतिक बन्धन र साहस प्रदर्शन गर्नुपर्थ्यो तर भट्टराई त्यसमा चुके । फलत आज पनि पराजितहरु नैतिक बन्धन तोडेर सांसद, मन्त्री र प्रधानमन्त्री बनेर सत्ता सयर गर्ने धृष्टता गरिरहेछन । पार्टी भित्र अन्तर्घात गर्ने प्रचलन उनको लागि शुरु भयो । जसको नेतृत्व गिरिजाप्रसादले गरे ।

आज अन्तरघात पार्टीको संस्कृति भएको छ । हरेक पार्टी यो पीडाले ग्रसित र प्रताडित छन । जनमतको उपहास शुरु भयो । माधव नेपाल दुई दुई ठाउँ चुनाव हारेर पनि संसद छिरेर प्रधानमन्त्री बन्न सफल बने । भट्टराई चुनाव हारेर पनि राजनीतिक हाईट कम हुने पात्र थिएनन उनको कार्यकाल सफल नै मानिन्छ । व्यवस्था परिवर्तन पछिको जटिल र विषम समयमा भट्टराईको कूटनीतिक कुशलता र ब्यबस्थापकीय क्षमतालाई थुप्रै खोट गर्ने स्थान छैन । आफू हारेर पनि आफ्नो जिम्माको काम समयमा गरेर भट्टराईले ऐतिहासिक दायित्व पूरा गरेका हुन । तर भट्टराई पहिलोपटक उपचुनाव उठ्नु भुल थियो भने त्यसपछि पुनः प्रतिस्पर्धा गरेर अशक्त हुँदाहुँदै पनि सत्तामा जाने लालसा र सत्तामा गएपछि पनि केही गर्न नसकेर आफ्नै सभापतिद्वारा गलहत्याइनु राजनीतिका गलत नियत भित्रको नियति बन्यो ।

जनताले पाँच वर्षको लागि गरेको अस्वीकृतिलाई च्यालेन्ज गरेर सापेक्षित नैतिक भनेका नारायणकाजी श्रेष्ठले पनि अनैतिक भएर राष्ट्रिय सभामा आफूलाई लागि छाडे । बामदेव संबवधान परिवर्तन गरेर भएपनि प्रधानमन्त्री आफूलाई बनाउन दृढ छन नैतिकताको बार देख्दैनन । गलत नजिर बस्दै गएपछि नतिजा यस्तै यस्तै बिबिध स्वरुपमा प्रकट हुन्छन । तसर्थ बाटो देखाउनेले कुबाटो हिड्नु हुँदैन । कुबाटो हिंडेपछि पुग्ने गन्तव्य पनि सोही बमोजिम हुनेछ । थिति असल बसालियो भने त्यसको अनुसरण सबैले गर्ने बिधि र नैतिक बन्धन बन्छ । नैतिकताको किलो उखेलेर हिड्ने आजको स्थिति हिजोको निरन्तरता हो । नेताहरुको दुर दृष्टिको अभावले निम्तिएको सिर्जना हो ।

असल थिति प्रचलन र बिधि भट्टराईले नबसालेका होइन आर्थिक पारदर्शिता, मितव्ययिता, सहनसलिता र राष्ट्रिय सम्पतिको अपचलन नगर्ने स्वाभाव कृष्णप्रसाद भट्टराईका अनुकरणीय पक्ष हुन् । तर भट्टराईका सिमित अबगुण चै नेताहरुले ग्रहण गरे गुण र आदर्श चै त्यागे अबलम्बन गरेनन । गिरिजाप्रसाद कोइराला गणतन्त्रका नायक बने तर आदर्श नायक बन्न सकेनन । नेपाली राजनीतिमा धेरै अबगाल बोक्ने पात्र मध्य एक हुन गिरिजा प्रसाद । आफ्नो पूर्ण बहुमतको सरकार असफल बनाएर मध्यावधि रोज्ने गिरिजा कोइराला प्रायः सबै राजनीतिका अनिष्ठका बाहक र कर्ता बने । राजनीतिक क्रियाशीलता र अडानमा दृढ कोइराला आफ्नो 'टावर पर्सनालिटी' कै कारण बाचुन्जेल राजनीति आफ्नो वरपर घुमाउन सफल बने पनि असल व्यवस्थापक र गुणग्राही राजनीतिज्ञ बन्न सकेनन ।

२०५१ सालको नेकपा एमालेको नौ महिने अल्पमतको शासन काल अपेक्षाकृत सफल देखुनुमा तत्कालिन नेकपा एमालेको पार्टी पद्दति र विधिमा स्खलन नआइ सकेर अर्थात पार्टी प्रणाली बलियो भएर हो । त्यतिबेला पार्टीमा बिधान, मर्यादा र केही गरेर देखाउने महत्वाकांक्षी स्वभाव थियो । बलियो फलामे अनुशासन थियो । कम्युनिस्ट चरित्र र पात्र उदाहरण योग्य थिए । समाजको नजर कम्युनिष्ट अनुशासित मेहनती र मर्यादित हुन्छन भन्ने थियो । नीति ध्वस्त थिएन । मनमोहनको सालिन र क्लिन व्यक्तित्वको अगुवाई थियो नै किन्तु मनमोहन अब्बल नेतृत्व क्षमता भएका नेता होइनन् भन्ने कुरा महाकाली सन्धिको भोटिंग बहिस्कार गर्नुले देखाउँछ ।

नेता कि यता हुन्छ कि उता पेंडुलम बस्ने नेताको स्वभावको हुदैन । तर मनमोहन भोटिंग बहिस्कार गरे अनुपस्थित भए । तर आचरण र अरु व्यवहार सरल र मितव्ययी मनमोहनको व्यक्तित्वले सामाजिक र राजनीतिक छवि बेदाग थियो । जसको कारण छोटो समय योङ्ग कम्युनिस्ट लिडरको जमातले ९ महिने सरकार लोकप्रिय थियो । झन प्रतिपक्षीको असमयको अविश्वास प्रस्ताव र मनमोहनको अस्पतालको सैयाबाटै प्रधानमन्त्री पदच्युतले सरकारप्रति सहानुभूति अरु थपियो र ख्याती आज पर्यन्त छ । 'आफ्नो गाउँ आफै बनाउ' भनेर गाबिसमा नै बजेट बिनियोजन देखि वृद्दभत्ता वितरण जस्ता लोकप्रिय कार्यक्रमको ब्याज आज पनि नेकपालाई मिलेको पेन्सन जस्तै भएको छ । तर नेकपा दिशाहीन छ अकर्मन्य छ ।

ओली सच्चिन चाहदैनन् र सच्चिएर रिजल्ट आउने हद पनि बाँकी छैन । समस्याको चांग छ तर सामाधानको शुत्रमा स्वार्थ हावी छ । थिति मिचेर दुइ पार्टी एकता भयो, चुनाव जित्न जे पनि भनियो, घोषणापत्र सुनकै अक्षरले लेखियो । तर सत्तामा गएपछि कार्यान्वयन गर्न सकिएन । सक्ने जति पनि गरिएन किनकी प्रणाली ध्वस्त पारेपछि बिधि र बिधान आफ्नो मर्जी र खल्तीको निस्केपछि त्यो न्यायपूर्ण हुन सक्तैन । असमावेसी चरित्र र प्रवृति भएपछि आदर्शहरु मृत बन्छन मृत आदर्शमा जीवन हुन्न । लय हुन्न । गति भेटिन्न । प्रधानमन्त्री प्रचण्डको पहिलो कार्यकाल पनि थिति बसाल्न महत्वपूर्ण कोसे ढुङ्गो बन्थ्यो तर आफै बेथिति बोकेर आएकाहरुको सत्तामा थिति बसाल्ने गुण र स्वभाव कसरी बनोस ?

बरु माओवादी ठूलो पार्टी बनेको बेला चारजना कम्युनिस्ट प्रधानमन्त्री बने तर संविधान सभाबाट संविधान जारी गर्न सकेनन बरु प्रधानन्यायाधीशलाई राज्य संचालनको जिम्मा दिएर राजनीतिक पार्टी र आफुलाई निकम्मा घोषित गरेर चुनावमा गए । नेपाली राजनीति बहुदलीय व्यवस्थामा निर्दलीय प्रधानमन्त्री त्यो पनि प्रधानन्यायाधीश खिलराज रेग्मीलाई शक्ति हस्तान्तरण गरेर शक्ति सन्तुलन बिगारे जसको परिणाम अरु थुप्रै वर्ष सम्म देखिन्छ ।

कार्यपालिका–न्यायपालिकाको पोल्टामा दिएपछि त्यसको असर र विकृति देखिदै जानेछ । यो पार्टीहरु र विशेषत तत्कालिन माओवादीको गम्भीर सैद्दान्तिक र राजनीतिक भुल थियो । जसको सजाय उनीहरु पाउदैछन । कुनै पनि राजनीतिक भूलको सजाय तत्काल नदेखिन सक्छ तर कालान्तरमा त्यो क्रमशः देखिदै देखिदै जानेछ ।

राजनीति सिद्दान्त च्युत बनेपछि जनताले यति दुःख पाउँछन जसबारे भनि साध्य छैन । कोरोना कहर बाढी पहिरो प्राकृतिक बिपत्ति देखि दैवी बिपत्ति सम्म संबेदनशील बन्न नसकेर राजनीति बिना कोर्ष चलेको छ सत्ता सरम नभएको भएको छ । यो सब बेथितिको कारण अर्थात् थिति मिच्दै हिंडेको कारण भएको घटना र आइपरेको विपद हो । यस्तो संगीन घडीमा पनि सत्ता लुछाचुडीमा लाग्नेले देश बनाउछन जनताको माया गर्छन भनेर अब कसले पत्याउला ? हाम्रा देशका नेताहरु व्यवस्था परिवर्तन गर्न आन्दोलन सिर्जना गर्न खप्पिस र अब्बल देखिए तर परिवर्तित व्यवस्था कुशलतापूर्वक ड्राइभ गर्ने खुबीमा पारंगत हुन सकेनन ।

# भारतीय गृहमन्त्रीलाई कोरोना संक्रमण

## उत्तर प्रदेशकी मन्त्री कमलाको निधन



**भारत/एजेन्सी–** भारतीय गृहमन्त्री अमित शाहलाई नोभेल कोरोना भाइरसको संक्रमण भएको पुष्टि गरिएको छ। उनले आइतबार दिउँसो ट्वीट गरेर आफूलाई कोरोना संक्रमण भएको जानकारी गराएका हुन्। चिकित्सकको सल्लाह अनुसार उनलाई अस्पताल भर्ना गरिएको छ।

गृहमन्त्री शाहले ट्वीट गर्दै भनेका छन्, 'कोरोनाका प्रारम्भिक लक्षण देखिएका छन्। मैले कोरोना जाँच गराए र रिपोर्ट पोजेटिभ आएको छ। मेरो स्वास्थ्य अवस्था अहिले ठिक छ। तर, चिकित्सकको सल्लाह अनुसार म अस्पताल भर्ना हुँदैछु।' उनले आफ्नो सम्पर्कमा रहेका व्यक्तिहरुलाई आइसोलेसनमा बस्न र परीक्षण गराउन आग्रह गरेका छन्।

त्यस्तै, भारत उत्तर प्रदेशकी मन्त्री कमला रानी वरुणको कोभिड-१९ का कारण मृत्यु भएको छ। गएको जुलाई १८ मा कोरोना भाइरसको संक्रमण पुष्टि भएकी उनको आइतबार बिहान निधन भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

उनको उपचारको क्रममा लखनउस्थित अस्पतालमै निधन भएको हो। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले मन्त्री कमला रानीको निधनप्रति गहिरो दुःख व्यक्त गरेका छन्।

कमला रानी उत्तर प्रदेश सरकारमा प्राविधिक शिक्षा मन्त्री थिइन्। सन् २०१७ मा भाजपाले उनलाई कानपुरको घाटमपुर क्षेत्रबाट उम्मेदवार बनाएको थियो। सो क्षेत्रबाट विजयी हुने भाजपाकी उनी पहिलो विधायक थिइन्। गएको वर्ष उनलाई मन्त्री बनाइएको थियो।

यस्तै भारतमा दैनिक ५० हजारभन्दा बढी कोरोना संक्रमित थपिने क्रम जारी रहेको छ। शनिबार मात्रै भारतमा ५४ हजारभन्दा बढी कोरोना संक्रमित थपिएका छन्। पछिल्लो चौबीस घण्टामा आठ सय ५० भन्दा बढी संक्रमितको मृत्यु भएको छ।

भारतको स्वास्थ्य एवम् परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा कुल कोरोना संक्रमितको संख्या १७ लाख ५७ हजार नाघेको छ भने मृतकको संख्या ३७ हजार तीन सय नाघेको छ।

भारतमा अहिलेसम कुल संक्रमितमध्ये ११ लाख ५० हजारभन्दा बढी उपचारपछि निको भइसकेका छन्। भारतमा हाल सक्रिय संक्रमितको संख्या पाँच लाख ७० हजारभन्दा बढी रहेको छ।

# जर्मनीमा लकडाउनविरुद्ध प्रदर्शन



**काठमाडौं/एजेन्सी-** जर्मनीको राजधानी सहर बर्लिनमा कोरोना भाइरस (कोभिड-१९) नियन्त्रणका लागि लगाइएको प्रतिबन्धको विरोधमा हजारौं मानिसहरुले प्रदर्शन गरेका छन्। सरकारले लगाएको मास्क लगाउने वा अनुहार ढाक्नुपर्ने नियम स्वतन्त्रताविरोधी रहेको भन्दै उनीहरुले प्रदर्शन गरेका हुन्।

प्रदर्शनको क्रममा बर्लिनका ब्रेडनवर्ग गेटमा हजारौं मानिसको भिड देखिएको थियो। प्रदर्शन शान्तिपूर्ण भए पनि प्रदर्शनमा सहभागी केही मानिसले मात्र मुखमा मास्क लगाएका थिए। साथै उनीहरुले भौतिक दुरीको नियम पनि पालना गरेका थिएनन्।

जर्मनी कोरोना भाइरसबाट निकै प्रभावित भएको मुलुक हो। अहिले पनि मुलुकमा कोरोना भाइरसका संक्रमितको संख्या बढ्दो क्रममा देखिएको छ। शुक्रबार मात्र जर्मनीमा कोरोना भाइरसका नौ सयभन्दा धेरै कोरोना संक्रमित फेला परेका थिए भने सात जनाको मृत्यु भएको थियो।

अधिकारीहरुका अनुसार शनिबारको उक्त आन्दोलनमा करिब २० हजार मानिस सहभागी थिए। प्रदर्शनकारीहरुले आफूहरुको आन्दोलन प्रजातन्त्र र स्वतन्त्रताको लागि भएको बताएका थिए। प्रहरीले यो आन्दोलनको आयोजकविरुद्ध कोरोना भाइरस नियन्त्रणका लागि ल्याएको नियम पालना नगरेको भन्दै मुद्दा चलाएको छ।

जर्मनीका स्वास्थ्यमन्त्री जेन्स स्पानले आन्दोलनकारीहरुले भौतिक दुरीको पालना नगरेकोप्रति आपत्ति जनाएका छन्। उनले महामारीको बीचमा पनि आन्दोलन गर्न सकिने तर यसरी आन्दोलन गर्न नहुने उनको भनाइ छ। जर्मनीमा अहिलेसम्म कोरोना भाइरसका दुई लाख १० हजारभन्दा धेरै संक्रमित भेटिइसकेका छन् भने नौ हजारभन्दा धेरैको मृत्यु भइसकेको छ।

# पञ्जाबमा मदिरा सेवनबाट ८० जनाभन्दा बढीको मृत्यु



**काठमाडौं/एजेन्सी–** भारतको पञ्जाब राज्यमा पछिल्लो समय विषाक्त मदिरा सेवन गर्ने ८० जनाभन्दा बढी व्यक्तिको मृत्यु भएको प्रहरीले जनाएको छ। मृत्यु हुनेहरुमा पञ्जाब प्रान्तका उत्तरी क्षेत्रका तीन जिल्लाका व्यक्तिहरु रहेका छन्। प्रहरीले अबैध मदिरा बेचबिखन गरेको आरोपमा २५ जनालाई पक्राउ गरेको छ।

भारतका विभिन्न राज्यमा हरेक वर्ष विषाक्त मदिरा सेवनबाट सयौं व्यक्तिको ज्यान जाने गरेको छ। अबैध यस्तो मदिरा स्थानीय बजारमा प्रति लिटर भारु १० मै पाइने गरेको छ। प्रहरीका अनुसार पञ्जाबको गुरदासपुर जिल्लामा ११ जनाको मृत्यु भएको छ भने अमृतसर जिल्लामा १२ तथा तार्न तारान जिल्लामा ६३ जनाको ज्यान गएको छ।

यसबाहेक केही अरु व्यक्तिको पनि विषाक्त मदिरा सेवनबाट मृत्यु भएको प्रहरीले आशंका गरेको छ। केही व्यक्तिले पोष्टमार्टम नगरी दाहसंस्कार गराएकाले पनि मृतकको संख्या बढी हुन सक्ने प्रहरीको अनुमान छ।

पञ्जाब प्रान्तका मुख्यमन्त्री अमरिन्दर सिंहले पछिल्ला केही दिनयता भइरहेको मृत्युका बारेमा अनुसन्धान गर्न आदेश दिइएको बताएका छन्। उनले अबैध तथा विषाक्त मदिरा बिक्रीमा दोषी व्यक्ति भेटिए कडा कारबाही गरिने बताएका छन्।

# अष्ट्रेलियामा तीव्ररुपमा बढ्दै संक्रमण



**काठमाडौं/एजेन्सी–** महामारी सुरु भएको पहिलो केही महिना अष्ट्रेलियाले सफलतापूर्वक कोभिड-१९ लाई नियन्त्रणमा लिएको देखिएको थियो। तर जुन यतादेखि भने देशकै दोस्रो ठूलो जनसंख्या रहेको भिक्टोरियाको मेल्बर्न शहरमा संक्रमण दर तीव्र रुपमा बढिरहेको छ। यसमा विदेशबाट आएकाहरुलाई होटल क्वारेन्टिनमा राख्न असफल भएका कारण अहिले यस्तो भइरहेको हुन सक्ने अनुमान गरिएको छ।

तीन हप्ता अगाडि मात्र अष्ट्रेलियाको प्रमुख शहर, मेल्बर्नले ६ हप्ता लामो लकडाउन जारी गर्यो तर लकडाउन अवधि आधा नहुँदै भिक्टोरियामा दैनिक सयौंका संख्यामा नयाँ संक्रमित फेला परिरहेका छन् भने बिहिबार र शुक्रबार संक्रमितको संख्या क्रमशः ७२३ र ६३७ पुगेको हो। यस्तोमा लकडाउनको नीतिले किन प्रभावकारी रुपमा काम गरिरहेको छैन भन्ने अझै स्पष्ट भएको छैन।

कोरोना भाइरसको दोस्रो लहर अहिलेसम्म भिक्टोरियामा केन्द्रित छ जसमा पनि सबैभन्दा बढी संक्रमण मेल्बर्नमा फेला परेको हो। जुलाइमा मात्र त्यहाँ ९ हजार बढी बिरामी पत्ता लागेको थियो। यसमा थोरै सङ्ख्यामा केही कोभिड बिरामी सिड्नी र न्यु साउथ वेल्समा पनि भेटियो भने क्वीन्सल्यान्डमा पनि थुप्रै संक्रमित फेला पारिएको थियो।

यसरी भिक्टोरिया सबैभन्दा नराम्ररी प्रभावित हुनुमा वृद्ध सेवाघर, मासुका उद्योग र सार्वजानिक हाउजिङ भवनहरु समस्या बनिरहेको बताइएको छ। यसमा प्रायः संक्रमितहरु घरबाट काम गर्न नसक्ने नागरिकहरु रहेको पनि पाइएको हो। यसरी असुरक्षित रोजगार क्षेत्रमा संलग्न र एक भन्दा बढी ठाउँ काम गर्ने अनि परिवारको सेवा गर्ने किसिमका काममा आबद्ध रहेकाहरुबाट नै कोरोना प्रकोप पुनः सुरु भएको हालको स्थितिबाट देखिएको भाइरोलोजिस्टहरु बताउँछन्।


भिक्टोरिया सरकारले यतिबेला मानिसहरुलाई बिरामी हुँदाहुँदै पनि काममा गएर गलती गरिरहेका सम्बन्धी चेतावनी दिएको छ। यसबारे प्रिमियर डानिअल एन्ड्रयुसले भनेका हुन्, 'सामुदायिक संक्रमणसँगै ती कारणले पनि रोग झन झन बढी फैलिरहेको छ।' गत हप्ता मात्र उनले नयाँ संक्रमित बिरामीहरु ४८ घण्टासम्म परीक्षणको नतिजा पर्खदै गर्दा सेल्फ आइसोलेसनमा नबसेको पत्ता लागेको खबर सार्वजानिक गरेका थिए। त्यसैगरी १० मध्ये नौ जनाले लक्षण देखिएपछि पनि तुरुन्तै परीक्षण नगराउने गरेको पाइएको छ।

यता अनलाइनमा पनि लकडाउनका नियमहरु मानव अधिकार विरुद्धमा रहेको भनि विरोध बारम्बार गरिएको छ। यसमा थुप्रै मानिसहरुले बिरामी बिदा लिन नसक्ने अवस्थामा रहेकाले पनि नियम तोड्न बाध्य भइरहेको डानिअलले स्वीकार गरेका हुन्। यता स्वास्थ्यविद्हरुले चाहिँ अहिले फैलिएको संक्रमण एसिम्पटोमेटिक बिरामी अर्थात लक्षण नदेखाइ संक्रमित हुनेहरुबाट सरिरहेको बताइरहेका छन्।

त्यस्तै संक्रमितको संख्या लगातार बढ्नुको अर्थ भाइरस समुदायमा फैलिसक्यो भन्ने पनि बुझ्न सकिने विज्ञहरु बताउँछन्। तर सार्वजानिक डाटाको अभावमा अहिले नै निष्कर्षमा पुग्न नसकिने युनिभर्सिटी अफ मेल्बनका प्रोफेसर जोन म्याथ्युस बताउँछन्।

यस्तोमा अहिले त्यहाँ आपत्कालीन बैठक बस्ने तय भएको छ जसमा लकडाउनका समयमा पनि संक्रमण कसरी फैलिरहेको छ भन्ने बारे विश्लेषण गरिने र भाइरसको अवस्था सम्बन्धी स्पष्ट डाटा हासिल गरिने बताइएको छ। मेल्बर्नमा लकडाउन अझै बढाउन आवश्यक रहेका सम्बन्धी अहिले धेरैले सहमति जनाइसकेका छन्।

# फ्लोरिडामा इसाइस आँधीको त्रास



**काठमाडौं/एजेन्सी–** इसाइस समुद्री आँधी सहितको भिषण वर्षाले बहमासमा बाढी र डुबानको स्थिति सिर्जना भएको छ। अमेरिकी जलवायु विज्ञानका अनुसार यो आँधी कोरोनाभाइरसका कारण समस्या झेलिरहेको फ्लोरिडा नजिक आइपुगेको छ।

बहमासमा करिब २० सेन्टीमिटर वर्षा हुने अनुमान गरिएको छ। स्थानीय समय अनुसार शनिबार अपराह्न २ बजेसम्म इसाइस आँधीको सर्वाधिक वेग १२० किलोमिटर प्रतिघण्टा रहेको छ। फ्लोरिडाको तटिय क्षेत्रमा स्थानीय समयानुसार आइतबार आँधी आइपुग्नु अगाबै समुद्री क्षेत्रमा भारी वर्षा हुने सम्भावना रहेकाले फ्लोरिडामा वर्षा केही कमजोर हुने अनुमान पनि गरिएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समुद्री आँधी आउनुअघि नै फ्लोरिडामा आपतकालीन स्थिति घोषणा गरेका छन्। आपतकाल घोषणाका कारण फ्लोरिडा राज्यले संघीय सरकारबाट तत्काल आर्थिक सहायता प्राप्त गर्न सक्नेछ।

फ्लोरिडा राज्यका गभर्नर रन डिसान्टीसले इसाइस आँधी तटीय क्षेत्रमा आइसकेकाले आम जनतालाई सचेत रहन आग्रह गरेका छन्। अमेरिकी अन्तरिक्ष केन्द्र (नासा) ले पनि आँधीको सावधानीपूर्वक अध्ययन गरिरहेको छ। अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रबाट दुई जना अन्तरिक्ष यात्री मेक्सिको खाडी क्षेत्रमा आइतबार अवतरण गर्ने कार्यक्रम छ।

# अक्टोबरमा आफ्ना नागरिकलाई खोप दिने रुसको तयारी

**काठमाडौं/एजेन्सी–** रुसका स्वास्थ्यमन्त्री मिखाइल मुराश्कोले आगामी अक्टोबर महिनामा आफ्ना नागरिकलाई कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप दिने योजनामा रहेको बताएका छन्। साथै विस्तृत खोप अभियान सञ्चालन गरिने पनि उनले उल्लेख गरेका छन्। रुसी सञ्चारमाध्यमहरुका अनुसार स्वास्थ्यमन्त्रीले सबैभन्दा पहिला कोरोना भाइरसविरुद्धको खोप डाक्टर र शिक्षकहरुलाई दिइने बताएका छन्।

समाचार एजेन्सी रोयटर्सका अनुसार रुसमा सम्भावित कोरोना भाइरसविरुद्धको खोपले यसै महिना नियामकहरुबाट अनुमति पाउनेछ। यद्यपि विशेषज्ञहरुले भने निकै छिटो रुसले बनाएको खोपप्रति आशंका पनि व्यक्त गर्दै आएका छन्।

शुक्रबार अमेरिकी संक्रामक रोग विशेषज्ञ डाक्टर एन्थोनी फाउचीले चीन र रुसले कोरोना भाइरसविरुद्धको खोपको लागि सम्बन्धित सबै परीक्षण गरेकोमा आशंका व्यक्त गरेका छन्। फाउचीले यस वर्षको अन्तिममा अमेरिकासँग एक सुरक्षित र प्रभावकारी कोरोना भाइरसविरुद्धको खोप उपलब्ध हुने बताएका छन्। उनले कोरोना भाइरसविरुद्धको खोपको लागि अमेरिकाले कुनै अर्को मुलुकमा निर्भर हुनु नपर्ने बताएका छन्।

अहिलेसम्म विश्वभरका धेरै मुलुकमा कोरोना भाइरसविरुद्धको खोप निर्माणको काम भइरहेको छ। अहिलेसम्म करिब २० खोपको क्लिनिकल परीक्षण पनि सुरु भइसकेको छ। इन्टरफ्याक्स न्युज एजेन्सीका अनुसार रुसी स्वास्थ्यमन्त्रीले गामालेया इन्स्टिच्युटले कोरोना भाइरसविरुद्धको क्लिनिकल परीक्षण सुरु गरेको बताएका छन्। अहिले यसलाई दर्ता गराउने काम चलिरहेको बताइएको छ।

गत महिना रुसी वैज्ञानिकहरुले गामालेया इन्स्टिच्युटले कोरोना भाइरसविरुद्धको खोपको लागि गरेको परीक्षणको सुरुवाती परीक्षण पूरा गरेको र यसको नतिजा सकारात्मक आउको बताएका थिए।

गत महिना बेलायत, अमेरिका र क्यानडाका सुरक्षा एजेन्सीहरुले रुसमाथि कोरोना विरुद्धको खोप निर्माण गरिरहेका कम्पनीमाथि साइबर आक्रमण गरेको आरोप लगाएका थिए। यद्यपि रुसले भने यो आरोपको खण्डन गरेको थियो।

### 'टिकटक अमेरिकामा लामो यात्राका लागि छ'

**काठमाडौं/एजेन्सी–** चिनियाँ स्वामित्वको भिडियो सेयरिङ्ग एप्लिकेशन टिकटकका अमेरिकी महानिर्देशकले एप्लिकेसन अमेरिकामा लामो यात्राका लागि रहेको बताएकी छन्। राष्ट्रपति डोनाल्ड ट्रम्पले टिकटकमाथि अमेरिकामा प्रतिबन्ध लगाउने तयारी गरेको बताए लगत्तै महानिर्देशक भानेसा पापासले भिडियो वक्तव्य जारी गरेर यस्तो बताएकी हुन्।

उनले आफ्ना सहकर्मीहरुले 'सुरक्षित' एप्लिकेशन बनाएको बताएकी छन्। राष्ट्रपति ट्रम्पले टिकटकमाथि प्रतिबन्ध लगाउने सम्बन्धी कार्यकारी निर्देशनमा चाँडै हस्ताक्षर गर्ने बताएका थिए।


## सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

### सूचना प्रविधि अधिकृत (IT Officer) र प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति:२०७७।४।१९)**

१. यस कार्यालयको लागि देहाय बमोजिमका पदहरु करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता तथा अनुभव पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट तपसिलमा उल्लेख भए अनुसारका कागजातहरु सहित सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिन आव्हान गरिन्छ।

| विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| १/०७७/०७८ | सूचना प्रविधि अधिकृत (IT Officer) | स्थानीय सेवाको अधिकृत छैठौं तह सरह | १ (एक) |
| २/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौं तह सरह | १ (एक) |

**२. आवश्यक न्यूनतम योग्यता र अनुभव:**

| सूचना प्रविधि अधिकृत (IT Officer) को लागि | प्राविधिक सहायकको लागि |
|---|---|
| १) मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको बिषयहरु मध्ये कुनै एक बिषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, Bsc.IT, Bsc.CSIT, BE. Electronics and Communication Engineering/ BTech. Electronics and Communication Engineering) उतीर्ण गरेको। २) सम्बन्धित क्षेत्रको अनुभव हासिल गरेको उम्मेदवारलाई विशेष ग्राह्यता दिइनेछ। | १) मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ् प्रवीणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको। २) कम्तिमा तीन महिने तालीम लिई आधारभूत कम्प्यूटर सीप भएको। ३) पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत बिवरण तयारी तथा विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्पारिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको। |

**३. उमेर:**

| सूचना प्रविधि अधिकृत (IT Officer) को लागि | प्राविधिक सहायकको लागि |
|---|---|
| दरखास्त दिने मितिसम्म २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको | दरखास्त दिने मितिसम्म १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको |

४. **दरखास्त दिने स्थान:** सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय ओखलढुङ्गा।
५. **दरखास्त दिने अन्तिम मिति:**२०७७।५।१ (कार्यालय समयभित्र)
६. **दरखास्त दस्तुर:** सूचना प्रविधि अधिकृत पदको लागि रु.१०००।- र प्राविधिक सहायक पदको लागि रु.५००।-
७. **छनौटको किसिम:** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा।
८. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु:** नेपाली नागरिकता, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभव खुल्ने कागजातहरुको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो र व्यक्तिगत बिवरण। (कागजातहरुको प्रतिलिपि दरखास्तवाला स्वयंले प्रमाणित गरेको हुनुपर्ने)
९. **मासिक तलव सुविधा:** स्थानीय तहको समान पदले पाउने आधारभूत तलब रकम।
१० सूचना प्रविधि अधिकृत पदको हकमा तोकिएको मितिभित्र कार्यालयमा आइपुग्ने गरी हुलाक, इमेल र फ्याक्सको माध्यमबाट समेत दरखास्त दिन सकिनेछ।
११. उल्लिखित दुवै पदहरुको दरखास्त फाराम र कार्यबिवरण यस कार्यालयको website: www.siddhicharanmun.gov.np तथा प्राविधिक सहायक पदको लागि www.pmep.gov.np मा समेत उपलब्ध हुनेछ। दरखास्त दस्तुर वापतको रकम यस कार्यालयको रा.वा.बैंक ओखलढुङ्गा शाखाको हि.नं.२०७००३०१०१०००३ मा जम्मा गरिएको सक्कल भौचर वा कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कल रसिद पेश गर्नु पर्नेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०३७-५२०२१३ र मोवाइल नं. ९८६२८०५०७५ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# बक्स अफिस समाचार

## ‘छ माया छपक्कै’को शेयरको किचलो



**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ साउन

‘छ माया छपक्कै’ को शेयरको विषयमा निर्माता रोहित अधिकारी र वितरक गोपालकाजी कायस्थबीच सामाजिक सञ्जालमा भनाभन भएको छ । निर्माता अधिकारीले पुष्पाञ्जली हलबाट पैसा लिन बाँकी रहेको बताएपछि वितरक कायस्थले उनलाई पागलको संज्ञा दिएका छन् । उनले फेसबुकमा निर्माता अधिकारी धेरै पैसा कमाएर पागर भएको हो ? भनेर स्टाटस लेखेका छन् ।

निर्माता अधिकारीको फेसबुकको स्क्रिन सट राख्दै पुष्पाञ्जली हलका सञ्चालक समेत रहेका कायस्थले लेखेका छन्, ‘ यो निर्माता पैसा कमाएर मात्तिएको होकि पागल भएको हो ? ‘छ माया छपक्कै’ को पैसा सबै चुक्ता भइसक्यो । पुष्पाञ्जलीमा पैसा लिनुछ भनेर समाचार बनाउँछ । अब यो निर्मातालाई के गर्ने ?’ आफूलाई पागलको संज्ञा दिएपछि रोहितले पनि जवाफ फर्काएका छन् ।

उनले उक्त हलबाट ७० हजार लिन बाँकी रहेको उल्लेख गर्दै कायस्थको पोस्टमा कमेन्ट गरेका छन्, ‘७० हजार लिन बाँकी छ । तपाईं पागल हो ?’ निर्माता र वितरकबीच सामाजिक सञ्जालमा एकअर्कालाई पागलको संज्ञा दिन चलेको यो हानाथापले फिल्मकर्मी र फिल्म क्षेत्रलाई पक्कै असर गर्छ ।

निर्माताको आक्रोशका श्रंखला

कोरोना भाइरस संक्रमणका कारण चार महिना लामो लकडाउनमा सबैभन्दा विवादित बनेको फिल्म क्षेत्र केही दिनयता फिल्म ‘छ माया छपक्कै’ का निर्माता र वितरकबीचको आपसी द्वन्द्वमा रुमलिएपछि फिल्म क्षेत्रमा झनै तरंग आएको छ ।

यो फिल्मका निर्माता अधिकारीले देशभरबाट अझै आफूले २ करोड शेयर पाउन बाँकी रहेको र वितरकसँग बारम्बार ताकेता गर्दा पनि रकम नपाएको भनेर फेसबुकमा आक्रोश पोखिरहेका छन् । काठमाडौं बाहिर फिल्म वितरणको जिम्मा लिएको एफडी कम्पनीबाट मात्र डेढ करोड लिन बाँकी रहेको तर १० महिना बितिसक्दा पनि रकम नपाएको उनको गुनासो छ ।

एफडी कम्पनीका अध्यक्ष शुशील पोखरेलले भने कोरोनाका कारण परिस्थिति प्रतिकुल भएकाले निर्मातालाई रकम दिन सकेको बताएका छन् । तर, निर्माता अधिकारी फिल्म प्रदर्शन भएको १० महिनासम्म शेयर नपाउनु वितरककै बदमासी रहेको आरोप लगाउँछन् । निर्माता र वितरकबीच परेको यो वारमा ‘छ माया छपक्कै’ का मुनाफाका हिस्सेदार दीपकराज गिरीले भने अहिलेसम्म मुख खोलेका छैनन् ।

उनको समुहले निर्माता अधिकारीसँग ६० प्रतिशत मुनाफा लिने शर्तमा यो फिल्ममा काम गरेको थियो । फिल्मले बक्सअफिसमा १४ करोडभन्दा बढी कमाई गरेको बताइन्छ । दीपकराज यो फिल्मका कलाकार र मुनाफाका हिस्सेदार मात्र होइनन्, एफडी कम्पनीका शेयर होल्डर समेत हुन् । यो कम्पनीले वितरण गरेका फिल्मबाट हुने मुनाफाको हिस्सा उनको पोल्टामा पनि पर्छ ।


तर, निर्माता रोहितले १० महिनासम्म ‘छ माया छपक्कै’ को शेयर नपाएको भनेर सामाजिक सञ्जालमा गुनासो पोखिरहँदा दीपकराजले अहिलेसम्म मुख नखोल्नु आश्चर्यको विषय बनेको छ ।

एफडी कम्पनीमा आफ्नो स्वामित्त्व रहेका कारण दीपकराजले ‘छ माया छपक्कै’ बाट पाउनु पर्ने मुनाफाको हिस्सा बुझिसकेर निर्माता रोहितलाई झुलाएर राखेको हुनसक्ने फिल्मकर्मीहरुको टिप्पणी छ ।

नेपाली फिल्मका निर्माताले शेयर रकम समयमा नपाएको यो पहिलो घटना होइन । प्राय हरेक फिल्मका निर्माता यो समस्याबाट आजित छन् । तर, पनि नगद कारोबार हुने फिल्मबाट उनीहरुले समयमा पैसा पाएका छैनन् । चलचित्र ‘ए मेरो हजुर ३’ले बक्स अफिसमा बम्पर व्यापार गर्यो । तर, यसका निर्माताले आफ्नो शेयर रकम उठाउन एक बर्ष कुर्नुपर्यो ।

केही समय अगाडि चलचित्र ‘ए मेरो हजुर ३’ले राम्रो कमाई गरेपछि ‘छक्का पन्जा ३’को शेयर रकम अब उठ्ने भयो भनेर दिपकराज गिरीले खुशी व्यक्त गरेका थिए । तर अहिले उनकै फिल्मको शेयर रकम निर्माताले अझै नपाएको कुरा बहिरिँदा भने उनी मौन बसिरहेका छनु । यस्ता क्रियाकलापका कारण फिल्म क्षेत्र नै धरापमा पर्नसक्ने फिल्मकर्मीहरु बताउँछन् ।

## अमिताभले जिते कोरोना



काठमाडौं/एजेन्सी- भारतीय सिने जगतका चर्चित अभिनेता अमिताभ बच्चन कोरोना भाइरसलाई जितेर घर फर्किएका छन् । आइतबार ट्वीटरमा जानकारी दिँदै उनले आफू अस्पतालबाट डिस्चार्ज भएको जानकारी दिएका छन् । उनले ट्वीटरमा भनेका छन्, ‘मेरो कोरोना परीक्षण गराएर घरको क्वारेन्टाइनमा फर्किएको छु ।’

उनले आफूलाई जन्म दिने माता पिताको आशिर्वाद, समर्थकहरुको प्रार्थना र नजिकबाट माया गर्ने फ्यानहरुको मायाले सुरक्षित रहेको बताएका छन् । यसका साथै उनले नानावती अस्पतालमा काम गर्ने नर्सहरुलाई धन्यावाद दिएका छन् । उनले भनेका छन्, ‘नानावती अस्पतालका नर्सहरुकै कारण आज म यो दिन देख्न पाएको छु । उहाँहरुले ख्याल गर्नुभएकोमा धेरै आभारी छु ।’

अमिताभलाई असार २७ गते कोरोना भाइरसको संक्रमण देखिएपछि अस्पताल भर्ना भएका थिए । उनी आफैंले शनिबार राति आफूलाई कोरोना भाइरसको संक्रमण भएको सामाजिक सञ्जालमार्फत जानकारी दिएका थिए । साथै पुष्टि भएपछि अस्पतालमा आइसोलेसनमा बसेको जानकारी आफ्ना शुभेच्छुकहरुलाई गराएका थिए ।

## रियाबारे विभिन्न टिप्पणी



बलिउड अभिनेता सुशान्त सिंह राजपुत आत्महत्या प्रकरणको अनुसन्धान उनकी प्रेमिका रिया चक्रवर्तीतर्फ केन्द्रीत भएको छ । पिता केके सिंहले विभिन्न गम्भीर आरोप लगाउँदै उजुरी दिएपछि विहार पुलिस अनुसन्धानमा जुटेको छ । अर्कोतिर मुम्बई पुलिसले पनि अनुसन्धान गरिरहेको छ ।

पिताले परिवारबाट अलग गराएको, ब्ल्यामेल गरेको, माया जालमा फसाएर पैसा हडपेको आरोप लगाइरहेका बेला यी आरोपमा बल पुग्नेगरी केही अभिनेत्रीले आफ्नो अनुभव शेयर गरेका छन् ।

टेलिभिजन कलाकार एवं सुशान्तकी मित्र क्रिस्सन्न बरेटोले रियाले सुशान्तलाई सबैबाट टाढा बनाएर एक्ल्याएको दावी गरेकी छन् । बरेटोले ट्वीटरमा लेखेकी छन्, ‘जहिलेदेखि सुशान्तले यी महिलासँग डेटिंग सुरु गरेका थिए, त्यहीँबाट उनलाई हामी सबैको टचमा रहन दिइएन । उनको नम्बर परिवर्तन गरियो । यो सबै कुरा हामीलाई थाहा छ । हामीले सुशान्तसम्म पुग्ने कोशिश गर्यौं । तर सफल हुन सकेनौं ।’

परिवारसँग पनि कुरा गर्न नदिएको विषय पिताले सार्वजनिक गरिसकेको भन्दै बरेटोले सत्य बाहिर आउने र आफूहरु हेरिरहेको उल्लेख गरेकी छन् ।

रियासँग ‘जलेबी’मा काम गरेकी टिभी कलाकार काजोल त्यागीले पनि रियाबाट आफूले भोगेको व्यवहार सुनाएकी छन् । क्रिस्सनको ट्वीटमा कमेन्ट गर्दै काजोलले लेखेकी छन्, ‘जलेबी पुन छायांकन हुनुअघि म यसको हिस्सा थिएँ । यिनीसँग केही हप्ताका लागि शूटमा गएकी थिएँ । मलाई याद छ कि रिया कति निगेटिभिटी सोच्थिन् । अहिले भिडियोमा भावुक भएको नाटक गरिरहेकी छन् ।’

रियाले शनिवार इंस्टाग्राममा भिडियो शेयर गर्दै इलेक्ट्रोनिक मिडियामा आफूविरुद्ध धेरै नै नकारात्मक कुराहरु गरिएको भन्दै गुनासो गरेकी थिइन् । आफूले न्याय पाउने भन्दै उनले ईश्वरमाथि भरोसा रहेको उल्लेख गरेकी थिइन् । उक्त भिडियोमाथि अभिनेत्रीहरुले टिप्पणी गरेका हुन् ।

## प्रकाश सपुतको ‘बदला बरिलै’



काठमाडौं/मस- गायक प्रकाश सपुतको ‘बदला बरिलै’ बोलको गीत सार्वजनिक भएको छ । देवी घर्तीको आवाजमा समावेश यो गीतमा प्रकाशको शब्द तथा संगीत छ । यो गीतले विशेषगरि, समाजमा बढ्दो बलात्कारको घटनाविरुद्ध आवाज बोलेको छ । तर, गीतका शब्द, देवीको स्वर र यसको संगीत निकै नै मर्मस्पर्शी छ । यसले, प्रकाश सपुतलाई नेपाली सांगीतिक क्षेत्रमा नयाँ उचाई प्रदान गर्ने निश्चित छ ।


संगीत क्षेत्रमा करिअर बनाउन लागेकी एक यूवतीको करिअर कसरी एक पुरुषले बर्बाद पारिदिन्छ र उसले त्यसको बदला कसरी लिन्छे भन्ने कथा भिडियोमा बुनिएको छ । गायक सपुतले नै निर्देशन गरेको भिडियो पनि उत्कृष्ट छ ।

‘बदला बरिलै’ ले बलात्कारको शिकार भएका महिलाको कथालाई गीतमा समेटेको छ। गीतको शब्द जति बलियो छ त्यसलाई अझ कडा भिडियोले बनाएको छ । गलबन्धि, गलबन्धिको प्रिक्वेल निर्माण गरी दर्शकको मन जितेका सपुतको यो प्रोजेक्ट पनि मुटु पोल्ने खालको छ ।

नायिका केकी अधिकारीले ३ घण्टाको चलचित्रमा चित्रित गर्ने आफ्नो अभिनयलाई १५ मिनेटको भिडियोमा नै सशक्त पाराले प्रस्तुत गरेकी छिन् । ध्रुव कोइरालाको नेगिटिभ अभिनयले पनि दर्शकको मन जित्छ । अनिल कृष्ण मानन्धरको छायांकन रहेको भिडियोमा प्रविन भट्टको सम्पादन छ । भिडियोमा हिउवाला गौतम, अर्जुन आचार्य, भद्र कुँवर, सन्ध्या गौतम बराल लगायतको पनि अभिनय देख्न सकिन्छ ।

१०-१५ मिनेटको गीतबाट पनि समाजलाई सशक्त सन्देश दिन सकिन्छ र हिट हुनका लागि समाजलाई नै नपच्ने खालका शब्दमा रुमल्लिएर बस्न आवश्यक छैन भन्ने बलियो उदाहरण गायक सपुतले यो गीत मार्फत प्रस्तुत गरेका छन् ।

## निरञ्जलीसँग दयाहाङको रोमान्स



काठमाडौं/मस- अभिनेता दयाहाङ राई फिल्म अभिनयमा निकै व्यस्त रहेपनि कोरोनाको कहरका कारण लकडाउन भएपछि उनी फुर्सदिलो भए । अहिले लकडाउन खुलिसकेको अवस्था हो । तर, राज्यले फिल्म क्षेत्रको प्रतिबन्ध कायमै राखेको कारण गतिबिधि हुन सकिरहेको छैन । त्यसैले उनी फुर्सदिलो नै छन् ।

यो फुर्सदको समय दायहाङले म्यूजिक भिडियो अभिनय गरेर समेत बिताउन थालेका छन् । लकडाउन खुकुलोपछि खिचिएको दयाहाङ अभिनित एक म्यूजिक भिडियो ‘बल्ल-बल्ल भेट भो’ सार्वजनिक भएको छ । मिलन चाम्सको निर्देशन रहेको भिडियोमा दयाहाङले निरन्जली लामासँग कम्मर मर्काएका छन् । भिडियोमा क्षितिज सुवेदी समेत देखिएका छन् ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **सिन मल गोर्खा इन्टरनेशनल मेनेजमेन्ट सर्भिस प्रा.लि. (ई.प्र.नं. २१३/०५७/०५८)** ले यस विभाग समक्ष इजाजतपत्र खारेज गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा गरी पाउए भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०७७/०४/११ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजतपत्र खारेज गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

# २ वर्ष भित्र भलिबलको सुविधा सम्पन्न कभर्डहल

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १८ साउन




राष्ट्रिय खेलकुद परिषद् राखेपका सदस्य सचिव रमेशकुमार सिलवालले २ वर्ष भित्र सुविधा सम्पन्न भलिबलको पूर्वाधार बनाउने घोषणा गरेका छन् । नेपालको राष्ट्रिय खेल भलिबल भए पनि भलिबलको आफ्नै पूर्वाधार नहुनु दुर्भाग्य भएको बताउँदै सदस्य सचिव सिलवालले २ वर्षभित्र सुविधासम्पन्न कर्भडहल बनाउने घोषणा गरेका हुन् । उनले भने 'भलिबलको कर्भडहल बनाउने विषयमा राष्ट्रपति, प्रधानमन्त्री र खेलकुद मन्त्रीका साथै अर्थमन्त्रीसँग पनि छलफल गरेको छु ।' यसअघि नै भलिबल संघका पदाधिकारीलाई विभिन्न ठाउँमा जग्गा देखाएको पनि उल्लेख गरे ।

नयाँ खेलकुद ऐन अनुसार राखेपमा पुनः सदस्य सचिव भएका सिलवालले पहिलो कार्यकालमा भलिबलले नै आफूलाई सिफारिस गरेको बताउँदै भलिबलको विकासका लागि आफ्नो सहयोग सधैं रहने प्रष्ट पारे । सिलवाल सदस्यसचिवमा पुनः नियुक्त भएकोमा बधाई तथा शुभ कामना दिन काठमाडौंमा आयोजना गरिएको कार्यक्रममा सदस्य सचिव सिलवालले पहिला पनि चार वर्षका लागि नियुक्त भएको र एक वर्ष पुरा हुँनै लाग्दा पद गए पनि अहिले थप चार वर्षका लागि नियुक्त भएर काम गर्न पाउने अवसर पाएको पनि बताए । भलिबलको विकासका लागि अब ग्रासरुट कार्यक्रम गर्नुपर्नेमा जोड दिए । अहिले विभागले मात्रै समग्र खेलकुदलाई धानेको बताउँदै अरुले पनि खेलकुदमा लगानी गर्नुपर्नेमा जोड दिए । यसैगरी अहिले पनि नेपाली प्रशिक्षकहरु धुलो लाग्ला की जसरी प्रशिक्षण गराईरहेको तर्फ संकेत गर्दै सदस्य सचिव सिलवालले खास गरि प्रमुख प्रशिक्षक र प्रशिक्षकले अब त्यस्तो गर्ने छुट नहुने पनि चेतावनी शैलीमा आफ्नो ध्यानाकर्षण भएको पनि बताए ।

यसैगरी खेलकुदको विकासका लागि ग्रासरुट लेभलबाटै शुरु गर्नुपर्ने आवश्यकता रहेको बताउँदै त्यसका लागि भलिबल संघलाई पनि तयारी अवस्थामा रहन आग्रह गरे । अहिले नेपाली भलिबलमा पुरुषको भन्दा महिलाको सम्भावना बढी देखिए पनि महिला र पुरुषकै उमेर समूह र ब्याकअप टिम बनाएर अघि बढ्दा राम्रो हुने सुझाव दिए । भलिबलको अभ्यास शुरु गर्नुपर्नेमा जोड पनि दिएका थिए ।

आफू सानैदेखि भलिबल प्रति आर्कर्षित भएको प्रंशग उठाउँदै सिलवालले जावलाखेल चिनिएकै भलिबलका कारण रहेको प्रष्ट पारे । तत्कालिन अवस्थामा जावालाखेल र ब्रह्म स्पोर्ट्स क्लबको प्रतियोगिता हेर्नेको भीड अहिले पनि आफ्नो स्मृतिमा ताजै रहेको उल्लेख गरे । तर, जावलाखेल अहिले पनि भलिबलमा अस्तित्व खोजि रहेको प्रशंगमा कुरा गर्दै ब्रह्म स्पोर्टस भने हराएको उल्लेख गरे । उनले अब नेपालको भलिबललाई माथि उठाउनका लागि फ्रेन्चाइज बेसमा जानुपर्ने बेला आएको र त्यसका लागि कम्तिमा महिला र पुरुषका ८ टिमबीच प्रतिस्पर्धा गराउने गरि अघि बढ्न आग्रह पनि गरे ।

आफू भलिबलको मात्रै सदस्य सचिव नभएको बताउँदै सबै खेललाई उत्तिकै महत्व दिने पनि बताए । तर अब नतिजा भने आफूले खोज्ने बेला आएको बताए । पहिला एक वर्ष पनि काम गरिसकेकाले धेरै कुरा खेलकुदको आफूलाई थाहा भएको बताउँदै सबैसँग साथ र सहयोग लिएर आफू अघि बढ्ने पनि विश्वास व्यक्त गरे । यसैगरी नेपाली खेलकुदलाई सुनिने, पढिने र हेरिने अवस्थामा पुऱ्याउन सधैं लागि पर्ने बताए ।

भलिबल संघले राखेपका सदस्यद्वय रिम रानाभाट र इन्दिरा निरौलालाई पनि सोही कार्यक्रममा सम्मान गरेको थियो । कार्यक्रममा सदस्य रानाभाटले सदस्य सचिव सिलवालसँग मिलेर काम गर्ने बताए । नेपाली खेलकुदको विकासका लागि आफूहरुलाई सरकारले नियुक्त गरेको बताउँदै नेपाली खेलकुदलाई अन्तराष्ट्रियकरण गर्नुपर्नेमा जोड दिए ।

यसैगरी अर्की नवनियुक्त सदस्य निरौलाले टिम वर्कमा मात्रै सबै सफल हुने भएकाले खेलकुद बुझेका व्यक्ति नै सदस्य सचिव भएर पुनः आएकाले नेपाली खेलकुदले थप उचाई हात पार्ने बताइन् ।

यसैगरी कार्यक्रममा भलिबल संघका महासचिव जीतेन्द्र बहादुर चन्दले कोरोनाका कारण भलिबल संघका कार्यक्रमहरु प्रभावित भएको जानकारी दिए । यसैगरी अहिले नै राष्ट्रिय टिमलाई प्रशिक्षणमा फर्काउने अवस्था नरहेको बताउँदै अवस्था सहज भए भदौ १ पछि रोकिएका घरेलु प्रतियोगिताहरु सञ्चाल गर्ने थप संघको ध्यान केन्द्रीत हुने बताए ।

उनले भने 'सन् २०२१ को मार्चसम्म एफआईभीभीले अन्तर ाष्ट्रिय प्रतियोगिताहरु रोकेकाले अहिले नै राष्ट्रिय टिमलाई प्रशिक्षणमा बोलाउन सकिदैन । तै पनि हामीले प्रयास भने जारी राखेका छौं ।'

कम्तिमा ५ हजार दर्शक अट्ने क्षमताको कर्भडहल बनाउन सकिए एसियन लेभलको प्रतियोगिता आयोजना गराउन भलिबल संघ तयार रहेको पनि जानकारी दिए ।

यसैगरी, संघको निर्वाचन असारमै हुनु पर्ने भए पनि अब चाँडै प्रक्रिया अघि बढाउने योजना रहेको उल्लेख गरे ।

संघका अध्यक्ष मनोरञ्जन रमण शर्माले भलिबलको विकासका लागि राखेपबाट आफूहरुले सधैं साथ पाइरहने विश्वास व्यक्त गरेका थिए ।

# बन्द प्रशिक्षणका लागि फुटबल खेलाडी काठमाडौंमा



**काठमाडौं/मस-** कतार विश्वकप छनोटको खेललाई मध्यनजर गर्दै अखिल नेपाल फुटबल संघ (एन्फा)ले सम्पूर्ण खेलाडीहरुलाई काठमाडौं बोलाएको छ । भदौ पहिलो साताबाट खेलाडीलाई बन्द प्रशिक्षणमा राख्ने उद्देश्यले ३३ जना खेलाडीलाई एन्फाले काठमाडौं बोलाएको हो ।

विश्वव्यापी बनेको कोरोना भाइरस (कोभिड–१९) का कारण गत चैत ४ गतेबाट एन्फाले सचिवालयसमेत बन्द रहने गरी सम्पूर्ण फुटबल गतिविधि बन्द गरेको थियो । त्यसयता सम्पूर्ण फुटबल गतिविधि स्थगित भएका थिए । तर जुन ५ मा एशियाली फुटबल महासंघ (एएफसी) ले कतारमा हुने फिफा विश्वकप २०२२ तथा चीनमा हुने एसियन कप २०२३ को छनोट खेलका लागि नयाँ मिति तय गरेपछि एन्फालाई राष्ट्रिय टीमको प्रशिक्षण थाल्न दबाब परेको थियो । छनोट खेल अर्न्तगत नेपालले घरेलु मैदानमा हुने खेलका लागि राष्ट्रिय टोलीका सबै खेलाडी सम्पर्कमा आइसकेको टोलीका व्यवस्थापक मधुसुदन उपाध्यायले बताए ।

एएफसीले प्रस्ताव गरेको नयाँ तालिकाअनुसार नेपालले अक्टोबर ८ मा चाइनिज ताइपेई र अक्टोबर १३ मा अस्ट्रेलियाविरुद्ध घरेलु मैदानमा प्रतिस्पर्धा गर्नेछ । त्यस्तै नोभेम्बर १२ मा नेपालले जोर्डनविरुद्ध खेल्नेछ । छनोट खेलका लागि भदौ पहिलो साता भित्र खेलाडीको पिसिआर परिक्षण गरेर सहायक प्रशिक्षक किरण श्रेष्ठले टोलीलाई अभ्यास गराउने तयारी भइरहेको उपाध्यायले जानकारी दिए । बन्दा प्रशिक्षणमा रहदा खेलाडीले विभिन्न समूहमा रहेर अभ्यास गर्ने व्यवस्थापक उपाध्यायले जानकारी दिए ।

एन्फाले घरेलु छनोट खेल दर्शक विना खेलाउने तयारीका साथ मैदानको मर्मत कार्यलाई पनि तीब्रता दिइरहेको छ । छनोट अन्तर्गत समूह 'बी' मा रहेको नेपाल तीन अंकका साथ चौथो स्थानमा छ । नेपालको समूहमा अस्ट्रेलिया १२ अंकका साथ शीर्ष स्थानमा छ । समान १० अंक जोडेको कुवेत र जोर्डन क्रमशः दोस्रो र तेस्रो स्थानमा छन । कुनै अंक नजोडेको चाइनिज ताइपेई पाँचौं स्थानमा छ ।

# एफ ए कपको उपाधि आर्सनललाई




**काठमाडौं, एजेन्सी-** इंग्लिस फुटबल प्रतियोगिता एफ ए कपको उपाधि आर्सनलले जितेको छ । शनिबार राति भएको फाइनलमा आर्सनलले १० खेलाडीमा झरेको चेल्सीलाई दुई एकले हरायो ।

वेम्ले स्टेडियमा भएको खेलमा चेल्सीले सुरुवातमा नै अग्रता बनायो । खेलको पाँचौ मिनेटमा चेल्सीका क्रिस्टियन पुलिसिकले गोल गर्दै टिमलाई अग्रता दिलाए । ओलिभर जिरुडले दिएको पासमा क्रिस्टियनले गोल गर्न सफल भए ।

११ औं मिनेटमा फेरी क्रिस्टियनको प्रयास विफल भयो । खेलको २५ औं मिनेटमा आर्सनलले गोल गरेको थियो । तर त्यसलाई मान्यता दिइएन । निकोलस पेपेले गोल गरेपनि त्यसलाई अफसाइड दिइयो ।

२७ औं मिनेटमा आर्सनलले पेनाल्टी पायो । पिएरी एमिरीकलाई चेल्सीका केसरले डिबक्समा फल गरेपनि पाएको पेनाल्टीलाई पिएरीले नै गोल गर्न सफल भए । जसका कारण खेल एक एक गोलको अवस्थामा पुग्यो । त्यसपछि पनि दुबै टिमले दबाव दिएपनि गोल हुन सकेन ।

दोस्रो हाफमा आर्सनलले चेल्सीमाथि दबाव बनाउन सफल भयो । दोस्रो हाफको सुरुवातमा नै दुई वटा मौका सिर्जना गरेको आर्सनलले ६७ औं मिनेटमा गोल गर्न सफल भयो । निकोलस पेपेको पासमा पिएरी एमिरीकले गोल गर्न सफल भए ।

७७ औं मिनेटमा आर्सनलका प्रशिक्षक मिकेल आर्टेटालाई रेफ्रिले पहेलो कार्ड देखाए । उनले एन्टोनीयो रुडीगेरसँग वादविवाद गरेको भन्दै रेफ्रिले पहेको कार्ड देखाए । एफ ए कपको फाइनलको इतिहासमा प्रशिक्षकले पहेलो कार्ड पाएको यो पहिलो पटक हो ।

७३ औं मिनेटमा चेल्सी १० खेलाडीमा झर्न पुग्यो । उसका कोभासिस दोहोरो पहेलो कार्ड पाउँदै मैदानबाट बाहिरीए । त्यसको फाइदा आर्सनलले त्यसपछि उठाउन भने सकेन ।

८१ औं मिनेटमा आर्सनलका टामे अब्राहमले हातले बल छोएको भन्दै रेफ्रिले भिडियो एसिस्टेन्ट रेफ्रिको सहायता लिएको थियो ।

# खोटाङमा २१ करोडको लागतमा खेल मैदान बन्दै

**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, १८ साउन



खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-५ लफ्याङमा निर्माणाधीन मझुवागढी रणजितमान राई खेलमैदानको डिपिआर सम्पन्न भएको छ । आरसिसी कन्सल्ट प्रा.लि.ले तयार पारेको डिपिआर २० करोड ९९ लाख ७० हजार २ सय ९३ रुपैयाँ लागतमा १२० मिटर लम्बाई र ८० मिटर चौडाइको फूटबल खेलमैदान सप्पन्न हुने भएको छ ।

रातका समयमा पनि खेल्न सकिने साथै खेलमैदानमा ४० हजार जना अट्ने गरि बन्ने खेलमैदानमा विद्युतको व्यावस्था, बस कार तथा मोटरसाइकल पार्किङस्थल, गेस्ट रुम, चेन्जिङ रुमसहितको घर सामान्य तथा भिआईपी शौचालय, पिउनेपानी रहने गरी बनाइएको संरचना निर्माण गर्ने गरी उक्त खेलमैदानको डिपिआर तयार पारिएको वडाअध्यक्ष निर्मल राईले बताए । खेल मैदान निर्माणका लागि स्थानीय बासिन्दाले १८ रोपनीभन्दा बढी जग्गा नि स्शुल्क दिएका हुन् । उक्त खेलमैदान लफ्याङको छिवामा बन्ने भएको हो ।

वि.स. २०६७ जेठ ७ गते शिलान्यास भएको खेलमैदानमा वडा कार्यालयको रु १२ लाख ७० हजारको खर्चमा सो खेलमैदान शिलान्यास गरिएको थियो । खेलमैदान निर्माणको अधिकांश सम्याउने काम सम्पन्न भएको र बाँकी काम पूरा गर्नका लागि स्थानीय राजेन्द्र राईको अध्यक्षतामा सात सदस्यीय आर्थिक सङ्कलन सहयोग समिति गठन गरिएको राईले बताएका छन् ।

खेलमैदानको बाँकी काम पूरा गर्नका लागि आवश्यक रकम जुटाउन भन्दै आर्थिक सङ्कलन सहयोग समितिले वि.सं. २०७६ असोज ९ गते १ नम्बर प्रदेशका मुख्यमन्त्री शेरधन राईसँग गुनासो राखेको थियो । मुख्यमन्त्री राईले खेलमैदान निर्माणका लागि आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् ।

लफ्याङ वडा कार्यालयको आग्रहमा स्थानीय पञ्चसेर राईले नौ रोपनी, सर्वजित राईले पाँच र हर्कराज राईले तीन रोपनी जग्गा वडाको नाममा निःशुल्क पास गरिदिएका हुन् । निःशुल्क जग्गा उपलब्ध भएपछि खेलमैदान निर्माण शुरु गरिएको हो । खेलमैदानका लागि चन्दा सङ्कलन गरि दाताको सहयोगमा निर्माण शुरु गरिएको थियो । खेलमैदानका लागि स्थानीय बालाचन्द्र राईले सात रोपनी जग्गा निःशुल्क प्रदान गरेका हुन् ।

निःशुल्क जग्गा उपलब्ध गराएका जग्गदाताकै बाजे रणजितमान राईको नामबाट खेलमैदानको नामाकरण गरिएको निर्माण उपभोक्ता समितिका अध्यक्ष पञ्चशेर राईले बताए । छिवामा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको खेलमैदान निर्माण हुने भएपछि स्थानीय बालिन्दा हर्षित भएका छन् ।

# स्वीमिङ कोर्स सम्पन्न




**काठमाडौं/मस-**नेपाल ट्राईयाथलन संघको आयोजना तथा वर्ल्ड कोचेज एकेडेमीको सहयोगमा अनलाईन स्विमिङ्ग लेभल १ कोचिङ्ग कोर्स सम्पन्न भएको छ ।

कोर्समा ट्राईयाथलन र पौडी संग सम्वन्धित २५ प्रशिक्षकहरुले सहभागिता जनाएका थिए । प्रशिशक्षार्थीहरुलाई सिंगापुरका प्रशिक्षक युजित लिले अनलाईन मार्फत प्रशिक्षण प्रदान गरेका थिए । कोभिड १९ का कारण खेल गतिविधी ठप्प भईरहेको अवस्थामा प्रशिक्षकहरुलाई पौडी सम्वन्धि ज्ञान प्रदान गर्दै प्रशिक्षकको स्तर बृद्धि गर्न संघले निकैनै महत्वपूर्ण भूमिका निर्वाह गरको प्रशिक्षणमा सहभागि प्रशिक्षकहरुले बताए ।

प्रशिक्षक लिले पौडी प्रशिक्षण सम्वन्धि उच्च ज्ञान प्रदान गर्नुका साथै प्रशिक्षको भूमिका र उत्तरदायित्व, प्रशिक्षण प्रणाली र खेल सम्वन्धि बिशेष ज्ञान प्रदान गरेका थिए । प्रशिक्षकहरुले प्राप्त गरेका यस प्रकारको ज्ञानले नयाँ खेलाडी उत्पादनमा ठुलो सहयोग पुग्नुका साथै भईरहेका खेलाडीहरुको स्तर बृद्धि गर्न समेत ठुलो सहयोग पुग्ने संघको बिश्वास रहेको छ ।

प्रशिक्षणको अन्तिम दिन समापनमा यस कार्यक्रमलाई सफल पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रशिक्ष युजिन लि र प्रशिक्षार्थी प्रशिक्षकहरुलाई धन्वाद प्रदान गरे । उनले यस कार्यक्रमलाई संचालन गर्न बिशेष भूमिका खेल्नु हुने संघका महासचिव युवराज सुनुवारलाई बिशेष धन्यवाद प्रदान गरे । प्रशिक्षार्थीहरुले प्राप्त गरेका ज्ञानले आगामी दिनमा खेलाडीहरुको स्तर बृद्धि गर्न निर्क मद्धत पुग्ने र आगामी दिनमा नयाँ खेलाडीहरु उत्पादन गर्न मद्धत पुग्ने बताए । वर्ल्ड कोचेज एकेडेमीले चिन, हङ्गकङ्ग, मलेसिया, ईन्डोनेसिया, सिंगापुर र भारतमा सफलतापूर्वक कोर्स संचालन गरिसकेको छ ।

## Invitation for Bids

**Bheerkot Municipality**
**Office of Municipal Executive**
Bayarghari, Syangja

**Procurement of Greezy Screen Vibrator Machine, Sand Wash Screw Conveyor Machine and Accessories**

**Date of Publication: 2077/04/19 (2020 Aug 3)**

1. Bheerkot Municipality, Bayarghari Syangja invites sealed bids from Nepalese eligible bidders for Procurement of Greezy Screen Vibrator Machine, Sand Wash Screw conveyor Machine and Accessories under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the information of Bidding Documents at the Office of Bheerkot Municipality Bayarghari, Syangja Phone: 063-400106, Website: www.bheerkotmun.gov.np.
3. Eligible Bidders may purchase the bid document from Bheerkot Municipality Office, Bayarghari Syangja. Bidders should deposit non-refundable fee Rs.3000.00 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy of the Bank deposit voucher & Company/firm registration certificate must be submitted by the bidder at the time of submission of the bids.

   **Bank Details:**
   Name: Nepal Bank Ltd. Office Name: Bheerkot Municipality
   Office Code no. 801044304
   Rajaswa (revenue) Shirshak no. 14229
4. Pre-bid meeting shall be held at Bheerkot Municipality Ofice at 2020 Aug 23.
5. Sealed bids must be submitted to Bheerkot Municipality Office before 2020 Sep 3 at 12:00 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2020 Sep 3 at 13:00 at the office of Bheerkot Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security, amounting to a minimum of Bid Security amount as identified below which shall be valid for 30 days beyond the validity period.
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Description | Contract ID | Bid Security (in Rs.) | Bid Document Fee (in Rs.) | Estimated Amount (in Rs. Inclusive of VAT and PS) |
|---|---|---|---|---|---|
| 1 | Procurement of Greezy Screen Vibrator Machine, Sand Wash Screw Conveyor Machine & Accessories | BM/VMSW/NCB/01/077/78 | 1,80,000.00 | 3000.00 | 59,96,000.00 |

# पशुपति गुरुयोजनाको काम तत्कालका लागि स्थगित

## प्रतिवेदन तयार गर्न कार्यदल गठन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ साउन



संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पशुपति क्षेत्र विकास कोषको प्रस्तावित गुरुयोजनालाई विस्तृत अध्ययन गरी स्थानीय सरोकारवाला समेतको राय सुझावका आधारमा अन्तिम प्रतिवेदन तयार गर्न तीन सदस्यीय कार्यदल बनाएको छ । कार्यदलमा मन्त्रालयका सहसचिव तथा संस्कृति महाशाखाका प्रमुख प्रदीप कोइराला, सहसचिव तथा योजना महाशाखा प्रमुख कमल भट्टराई र पुरातत्व विभागका महानिर्देशक दामोदर गौतम रहेका छन् । कोषको प्रस्तावित गुरुयोजनाका बारेमा सार्वजानिक रुपमा अनेक खालका टिकाटिप्पणी भएपछि मन्त्रालयले आईतबार स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि तथा सरोकारवाला सहितको छलफल आयोजना गरेको थियो । सो छलफलमा पशुपति क्षेत्रबाट संघीय संसदमा प्रतिनिधित्व गर्ने सांसद गगन थापा, प्रदेशसभा सांसद नरोत्तम वैद्य, काठमाडौ महानगरपालिका वडां ७ का अध्यक्ष शुद्ध डंगोल, वडा नं ८ का अध्यक्ष दिनेशकुमार डंगोल, वडा नं ९का अध्यक्ष रामकृष्ण श्रेष्ठ, स्थानीय तथा पार्टी प्रतिनिनिधि निर्मल कुइकेल, निर्मल देउला तथा प्रस्तावित गुरुयोजना विरुद्ध गठित संघर्ष समितिका प्रतिनिधी तथा अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

छलफलमा सहभागीहरुको धारणा सुनिसकेपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले गुरुयोजनाका सन्दर्भमा सबै पक्षसँग छलफल-परामर्श गरेर एक महिनाभित्र प्रतिवेदन बुझाउने समय सीमासहित तीन सदस्यीय कार्यदलको घोषणा गरेका हुन् । 'स्थानीय सरोकारकारवालका कुरा पनि सुन्नुपर्छ त्यसैले अहिले जहाँ पुगेको छ त्यहि रोकौला तर यसो भन्दैमा सधैं रोक्न सकिन्न । अगाडि बढ्नै पर्छ'-मन्त्री भट्टराईले भने । कार्यक्रममा मन्त्री भट्टराईले सरकारले तोकेको कार्यदेशभित्र रहेर कोषले गतिविधि सञ्चालन गरिरहेको उल्लेख गर्दै पशुपतिका ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक महत्वलाई ओझेलमा पार्ने गरी कुनै पनि काम नहुने बताए । ०४३ सालमा सरकारले तोकेको कोषको चार किल्लालाई मुख्य आधार बनाएर कोषले आफ्नो गुरुयोजना बनाएको उल्लेख गर्दै मन्त्री भट्टराईले भने, ' त्यो चार किल्लाभित्र पनि केहि 'कोर' क्षेत्र छ, त्यो क्षेत्रलाई मानववस्तीरहित बनाउनै पर्छ । बाँकीको हकमा निजी संरचना निर्माण गर्दा पशुपतिको महत्व ओझेलमा नपर्ने गरी निश्चित मापदण्ड बनाउनु पर्ने हुन्छ ।' तर अहिले जस्तो जथाभावी संरचना निर्माण गर्दै जाने हो भने पशुपतिले आफ्नो साख गुमाउने भन्दै उनले सबै पक्षलाई पशुपतिको साख जोगाउने गरी मिलेर काम गर्न आग्रह गरे । साथै उनले गुरुयोजनाका नाममा बाहिर हल्ला चलाइए जस्तो हिजोका जात्रा तथा पर्वहरु नाश गर्न नखोजिएको पनि प्रष्ट पारे । उनले भने, 'पशुपतिको ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्व जोगाउने कुरा हामी सबैको साझा कर्तव्य हो । जात्रा तथा पर्वहरु विगतमा जसरी चलेका थिए, त्यसरी नै चलिरहनु पर्छ, यसमा साझा धारणा बनाएर जाऔं ।' उनले मुलुक संघीय संरचनामा गईसकेको आईतबारको अवस्थामा पशुपति विकास कोषको हिजोको सांगठानिक संचरना पनि परिवर्तन गर्नुपर्ने औंल्याए ।

### नेपाल बैंकर्स संघको अपिल

# फेसबुकमा डोनेसन माग्नेलाई पैसा नदिनु

काठमाडौं/मस-नेपाल बैकर्स संघले नक्कली खाता खोली सहयोग माग्नेहरूबाट सचेत रहन आग्रह गरेको छ । पछिल्लो केही समय सामाजिक सञ्चाल प्रयोग गरी यस्ता सहयोग माग्नेहरू बढेपछि संघले सार्वजनिक सूचनामार्फत आव्हन गरेको हो ।

विभिन्न बैंकहरूमा नक्कली खाता (अकाउन्ट) खोली अनेकौं वहानामा सहयोगको रुपमा पैसा माग्ने क्रियाकलापहरू बढेको प्रति सचेत रहन यो सूचना जारी गरिएको बैकर्स संघले जनाएको छ। सोसियल मिडियामा प्राप्त भएको अनुरोधको आधारमा मात्र कुनै पनि व्यक्ति/कम्पनीको नाममा पैसा स्थानान्तरण नगर्नुहुन संघले सबैलाई आग्रह गरेको हो । संघद्वारा जारी सूचनामा लेखिएको छ, 'कतिपय अवस्थामा अनाधिकृत अकाउन्टहरु छुट्टाउन ग्राहो हुने भएकोले सम्बन्धित व्यक्ति/कम्पनीसँग प्रत्यक्ष रुपमा यकिन गरिसके पछि मात्र कुनै पनि प्रकारको आर्थिक क्रियाकलाप गर्नुहुन र यस विषयमा थप सचेत रहनु हुन अनुरोधे छ ।'साथै, आफ्नो खाता सम्बन्धी विवरण, पिन नम्बर, मोबाइल/इन्टरनेट बैंकिङ सम्बन्धी विवरणहरु, आदि समेत कसैसँग सेयर नगर्नुहुन संघले अनुरोध गरेको छ ।

# ४२ अंकले ओरालो लाग्यो नेप्से

## करिव २ अर्बको कारोबार



काठमाडौं/मस-नेपाल स्टक एक्सचेञ्ज (नेप्से) साताको पहिलो दिन आइतबार भारी गरिावटका साथ बन्द भएको छ । नेप्से आज ४२ दशमलव ७८ अंकले घटेर १ हजार ३ सय ९६ दशमलव २८ विन्दुमा कायम भएको छ । नेप्सेका अनुसार आज १ अर्ब ८४ करोड बढीको कारोबार भएको छ । आज सबै समूहमा राताम्मे छाएको छ । किङ ४१, व्यापार १६, होटल ७१, विकास बैंक ५४, जलविद्युत र फाइनान्स समान १४, निर्जीवन बीमा २३१, उत्पादन ६६, अन्य १२, माइक्रोफाइनान्स ७४, जीवन बीमा समूह २८३ अंकले ओर्लिएका छन् ।

नेपाल पुनर्बीमा कम्पनीको सबैभन्दा बढी २२ करोड रुपैयाँको कारोबार भएको छ। सो कम्पनीको मूल्य पनि घटेर प्रतिकित्ता ५८६ रुपैयाँ कायम भएको छ । त्यस्तै नेपाल लाइफ इन्स्योरेन्सको १४ करोडको कारोबार भएको छ । आरम्भ चौतारी लघुवित्त, अजोड इन्स्योरेन्स कम्पनीको मूल्य १० प्रतिशतले बढ्यो । नेपाल फाइनान्स र छ्याङ्दी हाइड्रोपावरको मूल्य पनि ९ प्रतिशत बढीले बढेको छ । जोशी हाइड्रोको मूल्य भने १० प्रतिशतले नै घटेको छ। त्यस्तै ओरेन्टल होटलको मूल्य ७.८८ प्रतिशतले घटेको छ ।

# प्याब्सनको विज्ञप्तिप्रति नेपाल टेलिकमको ध्यानाकर्षण

काठमाडौं/मस-नेपाल टेलिकमले आफूले प्रदान गरिरहेको ई शिक्षा प्याकेजबारे प्याब्सनको धारणा प्रति आपत्ति जनाएको छ । टेलिकमले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै प्याब्सनले टेलिकमलाई आक्षेप लगाएकोमा आपत्ति जनाएको हो ।सो बारेमा कम्पनीले प्याब्सनसँग भएको चरणबद्ध छलफलको बारेमा जानकारी दिँदै अनावश्यक आक्षेप लगाईएकोमा असहमति भएको स्पष्ट पारेको छ । कम्पनीले आफूले ल्याएको सो प्याकेजले अनलाइन कक्षा संचालन गर्न सहज भएको र विद्यार्थीहरुलाई शिक्षकसँग जोड्न सहयोग गरेको दाबी गरेको छ ।सोही परिप्रेक्ष्यमा यस प्याकेजको प्रयोग गरी हाल मुलुकभरका ७७ वटै जिल्लामा छरिएर रहेका विद्यार्थी र शिक्षकहरुले अनलाइन कक्षामार्फत नियमित अध्ययन र अध्यापनका क्रियाकलाप सुचारु गरिरहेको टेलिकमले जानकारीदिएको छ । कम्पनीले अनलाइन अध्ययनका लागि उपलब्ध विभिन्न प्रकारका एप्लिकेसनहरुमध्ये कम्पनीले विद्यार्थी र शिक्षकमाझ लोकप्रिय रहेका जुनसुकै एप्लिकेसनहरु उपयोग गर्न सकिने गरी रु. ५०० मा १८ जिबी डाटा ई-शिक्षा प्याकेजमार्फत उपलब्ध गराइरहेको छ ।

टेलिकमले विद्यालयहरुको संगठन निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपालले कम्पनीसँग सहकार्य गर्न पत्राचार गरेपश्चात विभिन्न चरणमा छलफल भएको जानकारी दिँदै कम्पनी र संगठनबीच भएको सकारात्मक छलफल पश्चात तत्कालको लागि कम्पनीले उपलब्ध गराइरहेको ई-शिक्षा प्याकेज सम्बन्धी विवरण संगठनले आफ्नो वेबसाइटमा समेत प्रकाशित गरेको उल्लेख गरेको छ । यसका साथै अनलाइन शिक्षाको लागि मात्र उपयोगी हुने डाटा प्याकेज सम्बन्धमा पनि कम्पनी सकारात्मक भई थप छलफल भइरहेको र सो संगठनसँगको छलफल बमोजिम नै कम्पनीले सेवा उपलब्ध गराउने तयारी अन्तिम चरणमा पुर्याइसकेको बताएको छ । 'सो अवस्थामा अनपेक्षित रुपले प्याब्सनले कम्पनीलाई कुनै जानकारी नगराई मिति २०७७ साउन १५ गतेको प्याकेज सुविधा सम्बन्धमा' भन्ने परिपत्र आफ्नो वेबसाइटमा राखेको पाइयो । कम्पनीसँगको सकारात्मक छलफल अघि बढिरहेको समयमा गैरजिम्मेवाररुपले कम्पनीलाई दोषारोपण गर्ने शब्दावली सहितको उक्त परिपत्रप्रति कम्पनीको ध्यानाकर्षण भएको छ,' टेलिकमद्वारा जारी विज्ञप्तीमा भनिएको छ ।आफू अनुकुल कुनैपनि संस्थासँग सम्झौता गर्ने संगठनको अधिकारप्रति नेपाल टेलिकमको विमती नरहेता पनि कम्पनीलाई लक्षित गरी आक्षेपयुक्त भाव झल्कने शब्दावलीको प्रयोगप्रति कम्पनीले असहमती व्यक्त गरेको छ । यसका साथै कम्पनीका ग्राहकवर्ग तथा अनलाइन अध्ययनका लागि पहल गरी प्रतिबद्ध रहेका शैक्षिक संस्था तथा विद्यार्थीवर्गप्रति आभार व्यक्त गर्दै जस्तोसुकै विषम परिस्थितिमा पनि कम्पनीले आफ्ना सेवासुविधाहरु सदा झैं जिम्मेवारीपूर्वक उपलब्ध गराइरहने प्रतिबद्धता जनाएको छ । टेलिकमले ई-शिक्षा प्याकेज मिति बैशाख १४ गतेदेखि कार्यान्वयनमा ल्याएको छ ।

# अब ईसेवाबाटै मेरो सेयरको खाता नविकरण गर्न सकिने




काठमाडौं/मस-सेयर कारोबार गर्ने तथा आइपिओमा लगानी गर्ने लगानीकर्ताले 'मेरो सेयर' एकाउन्ट नविकरणको भुक्तानी इसेवाबाट गर्न सक्ने भएका छन् । यसअघि डिम्याट एकाउन्ट नविकरण तथा ब्रोकरको रकम अनलाइनबाट भुक्तानी गर्न सकिने सेवा दिएको इसेवाले मेरो सेयरको एकाउन्ट नविकरण पनि अनलाइनबाटै गर्न सकिने सेवा दिएको हो ।

योसँगै मेरो सेयरको शुल्क भुक्तानीकै लागि विभिन्न क्यापिटलमा जानुपर्ने बाध्यताबाट लगानीकर्तालाई मुक्ति मिलेको छ । लगानीकर्ताले रियल टाइममै आफ्नो मेरो सेयर एकाउन्टको नविकरण गर्न सकिने इसेवाका सिनियर बिजनेस डेभलपमेन्ट अफिसर साजन महर्जनले बताए । इसेवामा नेपालमा रहेका सबै क्यापिटल, सेयर ब्रोकर आवद्ध छन् । इसेवा नेपालको पहिलो पेमेन्ट गेटवे कम्पनी हो । इसेवाबाट इन्स्योरेन्स्को प्रिमियम भुक्तानी, सेयर कारोबारको भुक्तानी गर्न सकिनुका साथै मोबाईल, टेलिफोन, इन्टरनेट, बिजुली तथा खानेपानीको महशुल भुक्तानी, रिचार्ज, हवाइजहाज, बसको टिकट, स्कुल कलेजको लगायतका शुल्क भुक्तानी गर्न सकिन्छ । इसेवामा हाल ५० वटा बैंक तथा वित्तीय संस्था सदस्य रहेका छन् । यी बैंकबाट इसेवामा सहजै रकम जम्मा गर्न तथा इसेवाबाट बैंक खातामा रकम पठाउन सकिन्छ ।

# आईएमई पे र मुक्तिनाथ क्यापिटलबीच सम्झौता



काठमाडौं/मस-आइएमई ग्रुपद्वारा प्रवर्द्धित आइएमई पे र मुक्तिनाथ क्यापिटलवीच सम्झौता भएको छ । सम्झौता अनुसार मुक्तिनाथ क्यापिटल लिमिटेडका सेवाग्राहीहरूले डीम्याट र मेरो शेयर नवीकरण शूल्क आइएमई पे वालेट मार्फत सजिलै भुक्तानी गर्न सकिने भएको छ ।

यस सम्बन्धि सम्झौता-पत्रमा मुक्तिनाथ क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत कविन्द्र जोशी र आइएमई पेका तर्फबाट बजार व्यवस्थापन प्रमुख गुण श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

# ग्लोबल आइएमईको एटिएम सेवा उदयपुर जिल्ला अदालतमा



काठमाडौं/मस-ग्लोबल आइएमई बैंकले उदयपुर जिल्ला अदालत परिसरमा एटिएम सेवा सुरु गरेको छ । यस नयाँ एटिएम सेवा थप भएसंगै ग्लोबल आइएमई बैंकको एटिएम संख्या २३६ पुगेको छ ।

उक्त एटिएम सेवा उदयपुर जिल्ला अदालतका माननिय न्यायधीशद्वय श्रीमान दिपक खनाल र श्रीमान मनोज के.सी.ले संयुक्तरुपमा उद्घाटन गरेका हुन् । बैंकले बोक्से स्थित सरकारी कार्यालयका कर्मचारीहरुका साथै अन्य सर्वसाधारण ग्राहकहरुलाई लक्षित गरी उक्त एटिएम सेवा सञ्चालनमा ल्याएको हो । बैंकले हाल देशैभरि ७० वटा जिल्लामा २५७ वटा शाखा, ३९ वटा एक्सटेन्सन तथा राजश्व संकलन काउण्टर, २३६ वटा एटिएम, २०१ वटा शाखारहित बैंकिङ्ग सेवा र विदेशस्थित ३ सम्पर्क/प्रतिनिधि कार्यालय मार्फत आफ्ना २० लाख भन्दा बढि ग्राहक माझ सेवा प्रदान गर्दै आइरहेको छ । कोरोना (कोभिड-१९)ले त्रसित बनाइरहेको अवस्थामा पनि ग्राहकलाई निरन्तर बैंकिङ्ग सेवा प्रदान गर्न ग्लोबल आइएमई बैंक सदा तत्पर रहेको छ।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**